दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउन परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सूर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन- ०७१५४२५७१

वर्ष ३७ | अंक २२४ | बुटवल | २०८२ साउन २४ गते, शनिबार | नेपाल संवत ११४५ | Saturday August 09, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## कारागारमा रविलाई एसी सुविधा



**मोहम्मद हबिब**
*भैरहवा*

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति एवं पूर्वगृहमन्त्री रवि लामिछाने सहकारी ठगीको अभियोगमा पुर्पक्षका लागि भैरहवास्थित जिल्ला कारागारमा थुनामा छन् । चैत्र २२ गते उच्च अदालत तुलसीपुर बुटवलको इजलासले लामिछानेलाई हिरासतमा राख्न आदेश दिएपछि चैत २५ देखि उनी थुनामै छन् ।

लामिछानेलाई कारागारको ब्लक नम्बर ४ मा राखिएको छ । यो ब्लक कोभिडको बेला प्रयोग गरिएको भवन हो । पक्की २ कोठा बराबरको सो भवनमाबाथरुमसहितको सुविधा रहेको छ । १९९० मा बनेको नेपालकै पुरानोमध्येको यो कारागारको अगाडि दक्षिण पट्टी पक्की कोठामा रविलाई राखिएको छ ।

सय जना क्षमताको पहिलो ब्लकमा साढे ३ सय जना, १५० जना क्षमताको दोस्रो ब्लकमा २ सय ५० जना कैदी बन्दी र थुनुवा छन् । त्यस्तै तेस्रो ब्लक महिला कैदी तथा थुनुवाका लागि हो भने रविलाई नयाँ भवन चौथो ब्लकमा एक्लै राखिएको कारागार प्रशासनले जानाकारी दिएको छ । १० देखि १५ जनासम्म राख्न मिल्ने कोठामा रविलाई एक्लै राखिएको छ ।

भवनमा एउटा झ्याल र एउटा भेन्टिलेसन (सानो झ्याल) छ, दुबै झ्याल बन्द गरिएको छ । एसी भएकोले हावा बाहिर नजाओस् भन्नका लागि झ्यालहरु बन्द गरिएको हो । जालीसहितको ढोका रहेको सो ब्लकको बाहिरबाट ताला झुण्डिएको हुन्छ ।

गृहमन्त्री समेत भइसकेका रविलाई त्यहाँ राख्ने भएपछि ल्याउनु अगावै नयाँ झुल, बाल्टी, हरियो कार्पेटलगायतको सामग्री राखिएको थियो । ब्लक ४ मा अहिले एसी पनि छ भने कुलर पनि राखिएको छ । हुनतः कारागारको ब्लक ४ मा मात्रै होइन अन्य ब्लकमा पनि एसी जडित छ, पैसा हुनेले एसी समेत राख्न पाउँछन् ।

भैरहवामा बढी गर्मी हुने भएकोले गर्मी छल्न एसीको प्रयोग गर्ने गरिएको छ । चौकीदारहरुले पनि एसी राखेका छन् । सहकारी काण्डमै थुनामा रहेका पूर्व डीआइजी छविलाल जोशी र मर्चवारका एक जना कैदी बन्दीसँगै ब्लकभित्रकै छुट्टै कोठामा बस्ने गरेका छन् । उनीहरुले पनि एसी प्रयोग गर्छन् ।

'रवि लामिछानेलाई पिउने पानी समेत बाहिरबाट जाने गरेको छ, उनले खाने खाना त्यही बनाउने भए पनि इच्छा अनुसारकै बन्छ । समूह समूहमा खाना पाक्छ । कसैको २ जनाको समूह छ भने कसैको ठूलो समूह हुन्छ । बन्द कोठा छ, एक जना बसे पनि दैनिक उपभोगमा आवश्यक सबै व्यवस्थापन गरिएको छ, ब्राउन राइस समेत खानु हुन्छ ।'- स्रोतले दैनिक लुम्बिनीसँग भन्यो ।

अदालतले थुनुवाको सहमतिमा अर्को कारागारमा स्थानान्तरण गर्न पाउछ । रवि लामिछानेले १४ जेठमै स्थानान्तरणको अनुमति पाऊँ भनेर कारागारमा निवेदन दिएका थिए । उक्त निवेदन कारागारले जिल्ला अदालत रूपन्देहीमा पठाएको थियो । १६ जेठमा न्यायाधीश अशोककुमार बस्नेतको इजलासले लामिछानेको मञ्जुरी भएमा उनलाई काठमाडौं उपत्यकाका कारागारमा स्थानान्तरण गर्न अनुमति प्रदान गरेको भए पनि कारागार विभागले स्थानान्तरण नगरी भैरहवा कारागारमै राखेको छ ।

कारागार प्रमुख सुरेश भण्डारीले कारागारले उपलब्ध गराउन सक्ने अतिआवश्यक सेवा सुविधा सबै दिइएको बताए । गृहमन्त्री समेत भइसकेकालाई यहाँ राख्ने भएपछि प्रशासनले त्यसलाई विशेष रुपले हेरेको छ । 'बजेट अभावका कारण केही नपुग होला, उहाँलाई भेट्न आउने पनि धेरै हुनुहुन्छ, त्यसको व्यवस्थापन हामीले सहजै मिलाएका छौं ।'-उनले भने । लामिछाने नित्य कर्म सँगै शारीरिक अभ्यास र किताबहरु पढ्ने गर्छन् ।

उच्च अदालत तुल्सीपुर बुटवल इजलासका न्यायाधीशद्वय रमेश ढकाल र स्वीकृति पराजुलीले लामिछानेलाई थुनामा राख्ने आदेश गरेका हुन् । जिल्ला अदालत रुपन्देहीले उनलाई एक करोड धरौटीमा छाड्ने आदेश गरेकोमा उनीहरुले बदर गरेका थिए । उच्चको आदेशसँगै लामिछाने पक्राउ परेका थिए ।

सहकारी ठगी र संगठित अपराध मुद्दामा गत माघ १३ गते जिल्ला अदालत रुपन्देहीले एक करोड रुपैयाँ धरौटीमा छाड्ने आदेश गरेपछि जिल्ला सरकारी वकिल कार्यालय र राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति एवं गोर्खा मिडिया नेटवर्क प्रालिका तत्कालीन प्रबन्धक निर्देशक लामिछाने दुवैले पुनरावेदनका लागि उच्च अदालत बुटवलमा निवेदन दिएका थिए ।

## रूपन्देहीका ३४ सहकारीलाई प्रभु म्यानेजमेन्टले दिएन चार करोड ३५ लाख

**लामो समयसम्म ठूलो रकम भुक्तानी नपाउँदा संस्था सञ्चालन, नाफा आर्जन र सहकारीको विश्वसनियतामा गम्भीर असर पुगेको सहकारीका सञ्चालकहरुको भनाइ छ ।**

**टिआर शर्मा**
*बुटवल*

रुपन्देहीका ३४ वटा सहकारी संस्थाले प्रभु म्यानेजमेन्टबाट ४ करोड ३५ लाखभन्दा बढी रकम एक वर्षभन्दा बढी समयदेखि भुक्तानी पाएका छैनन् ।

जिल्ला सहकारी संघ रुपन्देहीले गत असार २३ गतेसम्म संकलन गरेको तथ्यांकअनुसार जिल्लाका विभिन्न पालिकाहरुमा सञ्चालित ३४ सहकारी संस्थाले २०८१ असार अघिदेखि पाउनुपर्ने ४ करोड ३५ लाख ६ हजार २५३ रुपैयाँ पाएका छैनन् ।

प्रभु रेमिटान्स कम्पनीसँग सम्झौता गरेका सहकारीहरुले आफ्नो खाताको रकम सेवाग्राहीलाई तत्कालै भुक्तानी गरे पनि प्रभु म्यानेजमेन्टबाट लामो समयसम्म भुक्तानी नपाउँदा संस्था सञ्चालनमा समस्या, नाफा आर्जन गर्न नसकेर आर्थिक नोक्सानी र सहकारीको विश्वसनियतामा गम्भीर असर पुगेको सहकारीका सञ्चालकहरुको भनाइ छ ।

सहकारीहरुले अधिकतम ५८ लाख ४८ हजारदेखि न्यूनतम एक लाखसम्म पाउनुपर्ने देखिएको छ । प्रभु म्यानेजमेन्टका अध्यक्ष प्रतिनिधिसभा सदस्य एवं नेकपा एमालेका नेता देवीप्रकाश भट्टचन हुन् । लामो समयसम्म हजारौं सर्वसाधारणले बचत गरेको रकमबाट भएको करोबारको भुक्तानी रोक्नु अत्यन्त गैरजिम्मेवार र अवैधानिक काम भन्दै यो सहकारी संस्थाप्रति गरिएको नियोजित ठगी भएको सहकारी सञ्चालकहरुको भनाइ छ ।

सबैभन्दा बढी मर्चवारी गाउँपालिकाको जनकल्याण बचत तथा ऋण सहकारीले ५८ लाख ४८ हजार ७८७ रुपैयाँ भुक्तानी पाउनुपर्ने छ ।

यस्तै तिलोत्तमाको सामूहिक विकास बचत तथा ऋण सहकारीले ३९ लाख ५६ हजार ६०० रुपैयाँ, शुद्धोधनको कृषक हित बचत तथा ऋण सहकारीले ३७ लाख १७ हजार ४३८ रुपैयाँ, तिलोत्तमाको नवदुर्गा बहुउद्देश्यीय सहकारीले ३१ लाख ७८ हजार १९४ रुपैयाँ र ओमसितयाको टुगा आस्था सहकारीले २७ लाख ४६ हजार ७४३ रुपैयाँ भुक्तानी पाउन बाँकी छ ।

देवदहको आफन्त सहकारीले २९ लाख ६८ हजार ६६१ रुपैयाँ, देवदहकै कोलिय देवदह सहकारीले २५ लाख ८८ हजार ९४८ रुपैयाँ, कोटहीमाइको धनलक्ष्मी सहकारीले २० लाख ८ हजार ९०१ रुपैयाँ, तिलोत्तमाको पल्लवी सहकारीले १३ लाख २० हजार ७१८ रुपैयाँ र तिलोत्तमाको सबैको बचत तथा ऋण सहकारीले ७ लाख ९७ हजार २७९ रुपैयाँ भुक्तानी पाउन बाँकी रहेको छ ।

भुक्तानीका लागि सहकारी संस्थाहरुले जिल्ला प्रशासन कार्यालय, जिल्ला सहकारी संघ, प्रभु म्यानेजमेन्टसँग पटक-पटक धाए पनि रकम पाउन नसकेको कृषकहित बचत तथा ऋण सहकारीका अध्यक्ष शंकरप्रसाद गौतमले बताए ।

'सहकारीले सेवाग्राहीलाई भुक्तानी गरेको रकम रेमिटान्स कम्पनीले पछि बैंक खातामार्फत् भुक्तानी गर्दै आएको थियो, तर प्रभु म्यानेजमेन्टले आ.व. २०८०-८१ बाट भुक्तानी गरेको छैन,' गौतमले भने-'२०८१ असारभन्दा अघिकै रकम हामीले पाएका छैनौं, अनलाइन सिस्टम पनि बन्द छ ।' सहकारीका सदस्यहरुको रकमबाट भुक्तानी गरिएको रकम कम्पनीबाट फिर्ता नपाउँदा संस्था सञ्चालनमा समस्या आएको छ ।

| सहकारीको नाम | जम्मा दाबी रकम |
|---|---|
| कृषकहित बचत तथा ऋण | ३७१७४३८.६८ |
| परिचित बचत तथा ऋण | ७५२८४.३० |
| पल्लबी बचत तथा ऋण | १३२०७१८.९७ |
| परिचित बचत तथा ऋण | ३२५००१.७९ |
| गोधुली बचत तथा ऋण | १२४८२२२.८१ |
| पथ प्रदर्शक बचत तथा ऋण | ४५४७६७.८३ |
| सिद्धार्थ बहुउद्देश्यीय | ३७७०४१.२५ |
| धनलक्ष्मी बचत तथा ऋण | २००८९०१.७५ |
| मेरुदण्ड बचत तथा ऋण | १२२८२४७.८४ |
| सबैको बचत तथा ऋण | ७९७२७९.२० |
| आफन्त बचत तथा ऋण | २९६८६६१.५७ |
| कोलिय देवदह बचत तथा ऋण | २५८८९४८.४३ |
| नवदुर्गा स्वा. बहुउद्देश्यीय | ३१७८१९४.४४ |
| टुगा आस्था बिकास बचत तथा ऋण | २७४६७४३.१२ |
| जनएकिकृत बहुउद्देश्यीय | ७८१६९७.३५ |
| एफइसी धनकोष बचत तथा ऋण | ३०००००.०० |
| सामूहिक विकास बचत तथा ऋण | ३९५६६००.७० |
| लालटीन बहुउद्देश्यीय | ११२२०८५.०० |
| ध्रुवतारा सयपत्री बचत तथा ऋण | १०७३६०.४३ |
| जनकल्याण स्वा.बचत तथा ऋण | ५८४८७८७.६५ |
| समिप बचत तथा ऋण | ३०००६५.४३ |
| लुम्बिनी बचत तथा ऋण | ३०००००.०० |
| जनउत्थान बचत तथा ऋण | ७०००००० |
| आरति बहुउद्देश्यीय | १२०७५०.२१ |
| महिमा बचत तथा ऋण | ३०००००.०० |
| कृष्ण बचत तथा ऋण | १८९०२९९.६७ |
| भवानी बहुउद्देश्यीय | १८७५३३५.४९ |
| पर्रोहा बचत तथा ऋण | ३१३६९५.०० |
| कानुङ बचत तथा ऋण | ६९१०५०.७५ |
| तिलोत्तमा बहुमुखी | २८१६००.०० |
| धनवर्षा बचत तथा ऋण | ४६४१४१.२० |
| पुष्प बहुउद्देश्यीय | १९८२४८.६७ |
| योजना बचत तथा ऋण | ४०६८८५.९५ |
| गणेश बचत तथा ऋण | ५१२१९८.१० |

प्रभु म्यानेजमेन्टको काठमाडौं कार्यालयमा पुगेर कर्मचारीसँग कुरा गर्दा सञ्चालकहरुबिच लेनदेनको विवादले रोकिएको हुँदा विवाद मिलेपछि भुक्तानी हुने आश्वासन पाए पनि नपाउँदा संस्था सञ्चालनमै समस्या आएको जनकल्याण सहकारीका अध्यक्ष फूलमान पटेलले गुनासो गरे ।

'जिल्ला प्रशासन, सहकारी संघ र प्रभु म्यानेजमेन्टको काठमाडौं अफिसमा धायौं तर पाउनुपर्ने रकम नपाउँदा संस्था चलाउन कठीन भइरहेको छ,' पटेलले भने-'शेयर सदस्यहरुले यत्रो ठूलो रकम लामो समयसम्म किन आएन भनेर जवाफ माग्छन्, हामीले जवाफ दिन सकेको छैनौं ।'

सबैको बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष भरतराज भुसालले सहकारीको रकम रोक्नु अत्यन्त गैरजिम्मेवार र अवैधानिक काम भन्दै योसहकारी संस्थाप्रति गरिएको नियोजित ठगी भएको बताए । 'यस विषयमा सम्बन्धित निकायले जाँचबुझ गरी यथाशीघ्र सहकारी संस्थाहरुको रकम भुक्तानी हुनुपर्छ,' भुसालले भने -'राजनीतिक पहुँचका आधारमा सर्वसाधारणको रकममाथि खेलवाड गर्न पाइदैन ।'

प्रभु म्यानेजमेन्टका सहायक लेखापाल दिपेश तामाङले प्रभु मनि ट्रान्सफरबाट प्राप्त गर्नुपर्ने रकम प्राप्त नभएको हुँदा सहकारीहरुलाई भुक्तानी गर्न नसकिएको स्वीकारेका छन् ।

'कम्पनीका पूर्व सञ्चालक तथा हाल प्रभु मनि ट्रान्सफरका अध्यक्ष देवीप्रकाश भट्टचनले तिर्नपर्ने रकमलगायत अन्य दायित्व समेत भुक्तान गर्नु भएको छैन, भट्टचनलाई रकम तिर्न, बुझाउन ताकेता गरिरहेको हुनाले निजबाट रकम प्राप्त गर्नासाथ यथाशिघ्र सहकारी संस्थाहरुसँग सम्पर्कमा आउने अनुरोध गर्दछु, साथै निज देवीप्रकाश भट्टचन र प्रभु मनिट्रान्सफरको सर्न्दभमा नेपाल राष्ट्र बैंकलाई समेत जानकारी गराइसकेको व्यहोरा अवगत गराउँदछु ।'- प्रभु म्यानेजमेन्टका सहायक लेखापाल तामाङले भुक्तानी दिनुपर्ने सहकारी संस्थालाई लेखेको पत्रमा भनिएको छ ।

जिल्ला सहकारी संघका एक पदाधिकारीले सहकारी संस्थाहरुले पाउनुपर्ने रकम भुक्तानीका लागि संघले पहल गरे पनि सम्बन्धित निकायले उदासीनता देखाएको गुनासो गरे ।

## 'सुति धागोबाट बनाइने जनै र रक्षाबन्धन मात्रै पवित्र'




बुटवल । जनै र रक्षाबन्धन वैदिक एवं शास्त्रीय विधि अनुसार बनाइएको पवित्र र शुद्ध हुनुपर्ने धार्मिक मान्यता छ । तर पछिल्लो समय धर्म, संस्कृति र संस्कारलाई नै खलल पुऱ्याउने गरी नक्कली जनै र रक्षाबन्धनको बिगबिगी बढ्दै गएको वैदिक र शास्त्रीय विधि अनुसार जनै बनाउँदै आएका उद्योगीको गुनासो छ । नेपालकै सबैभन्दा पुरानो बुटवलको राधा धागो उद्योगले वेदमा भनिए अनुसार शास्त्रीय विधिपूर्वक जनै र रक्षावन्धन उत्पादन गर्दै आएको छ । पछिल्लो समय जनै बनाउने चलन हराउँदै जाँदा बुटवल-६ राममन्दिर लाईनका साहित्याचार्य बुद्धिप्रसाद शर्मा पाण्डेयले भने विसं २०५८ सालदेखि निरन्तर जनै र रक्षाबन्धन उत्पादन गर्दै आएका छन् ।

नेपालमा भारतलगायतका देशबाट आयात हुने जनै वेदमा उल्लेख भए अनुसारको नपाइएपछि अवकाश प्राप्त सरकारी शिक्षकसमेत रहेका पाण्डेयले उद्योग नै सञ्चालन गरेर जनै उत्पादन थालेका हुन् । २०६० सालमा उद्योग विभागमा फर्म दर्ता गरी ट्रेडमार्क लिएर उद्योग नै सञ्चालन गरी ३ वटा ब्राण्डमा जनै उत्पादन गर्दै आएको उनले बताए । शास्त्रीय जनै, वैदिक जनै र राधा पवित्र जनै पाण्डेयको उत्पादन हो । अहिले उनको उद्योगले वार्षिक ५० लाख जनै उत्पादन गर्दै आएको छ भने वार्षिक १० करोडको कारोबार हुने गरेको छ ।

स्थानिय बजारलाई लक्षित गरी जनै उत्पादन सुरु गरेका पाण्डेयको उद्योगमा उत्पादन भएका जनै तथा रक्षाबन्धनको अहिले विदेशमासमेत माग बढ्दो छ । धर्म संस्कृति बचाउने उद्देश्यबाट सुति धागोबाट जनै उत्पादन सुरु भएपछि अहिले आम्दानीको राम्रो श्रोतसमेत बनेको छ ।

बजारमा वैदिक विधिविपरीत पोलिस्टर धागो मिश्रित जनै र रक्षाबन्धनको बढ्दो प्रयोगका कारण नेपालको धर्म संस्कृतिमाथि नै प्रहार भएको साहित्याचार्य पाण्डेयको भनाइ छ । अधिक नाफा कमाउने ब्यापारिक मनसायले धर्म र संस्कृतिमाथि प्रहार गर्ने गरी पुराना कपडा प्रशोधनबाट बनाइएको धागो प्रयोग गरेर जनै र रक्षाबन्धन बनाएर बिक्री वितरण गर्ने गरिएकोप्रति उनले आपत्ति जनाए ।

'जनै र रक्षाबन्धनको उत्पादन र विक्री वितरण शुद्ध सुतिको धागोबाट बनाएर धर्म संस्कृति रक्षाका लागि हुनुपर्छ, तर यहाँ केवल नाफा कमाउने उद्देश्यले पोलिस्टरको धागोबाट बनाएर हिन्दु धर्मावलम्बीलाई नै झुक्याउने र ठग्ने काम भइरहेको छ, यस्तो गलत प्रवृत्ति रोकिनुपर्छ ।'-पाण्डेले भने ।

हिन्दू धर्मका वैदिक ग्रन्थअनुसार जनैलाई ब्रह्मसूत्र अर्थात् वेदोक्त कर्म सम्पादन गर्न र वेदाध्यायन गर्ने अधिकार प्राप्तिका लागि धारण गर्न मन्त्रिएको धागो भन्ने बुझिन्छ । शुद्ध जनै र रक्षाबन्धनमा सुती धागोबाट बनेको ५४ सरा हुनुपर्नेमा बजारमा पाइने आयातित जनैमा यस्तो विधि नपुऱ्याई केवल नाफा कमाउनकै लागि पोलिस्टर र बिभिन्न केमिकल मिसाएर बनाउने गरिएको साहित्याचार्य शर्माको दाबी छ । 'काँचो धागोको ९ सरा बेरेर जनैको एक डोरा तयार हुन्छ । त्यही ६ डोरा संगालेर (५४ सरा) को एउटा जनै तयार हुन्छ,' साहित्याचार्य पाण्डेयले भने- 'शिखा जनैको महत्वपूर्ण भाग हो । यसलाई ब्रम्हगाँठो समेत भनिन्छ । जनैका दुई शिखामध्ये एउटा शिखामा रहेका तीन डोरालाई ब्रह्मा, विष्णु र महेश्वर तथा अर्को शिखाको डोरालाई कर्म, उपासना र ज्ञानका तीन योग मानिन्छ ।'

शिखासहितको जनैलाई वैदिक मन्त्रले मन्त्रेपछि त्यो पूर्ण हुने उनले बताए । 'जनै मन्त्रँदा शिखामा तीनै जना देवता, अरुन्धतीसहित सप्तऋषिको पूजा गरी ब्रह्म तेज पैदा गर्ने बनाउनुपर्छ । यसरी बनाइएको जनैले नै शास्त्रमा वर्णन गरेबमोजिमको फल दिन्छ ।'- पाण्डेयले भने । साहित्याचार्य पाण्डेयको काममा परिवारले पनि साथ दिएको छ । छोराहरु नुरु र झंकार पाण्डेले उद्योगको व्यवस्थापन र बजारीकरणको काम गरिरहेका छन् । हाल उद्योगमा करिब ५ सय जनाले प्रत्यक्ष/अप्रत्यक्ष रुपमा रोजगारीसमेत पाएका छन् ।



दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

# पाहुर

तपाईंका लागि...

२०८२ साउन २४ गते, शनिबार

## बिट्विन द लाइन्स्...

पहिले माया गरेजस्तो गर्छस् पछि भकुर्छस्
मिठो नमिठो भन्दैनस् पाएको सबै हसुर्छस्
अस्तिझैँ लाग्छ नाङ्गै भुतुङ्गै बुर्कुसी मारेको
ए समय तँ यतिविधि बेतोडले किन
दगुर्छस् ।

–रुद्र ज्ञवाली

## कथा

# बादशाहको नयाँ लुगा

**ये शङ थाओ**

ह्यान्स एण्डरसनले लेखेको कथा बादशाहको नयाँ लुगा धेरै मानिसहरूले पढेका होलान् । यो कथा नयाँ-नयाँ पोशाकहरू लगाउने ठूलो सोख भएका एउटा बादशाहको बारेमा लेखिएको कथा हो । आफ्नो यही सोखको कारणले गर्दा उनले दुईजना ठगहरूको ठगीको शिकार हुनुपर्‍यो । ती दुई ठगहरूको के दाबी थियो भने उनीहरू बादशाहका लागि एउटा त्यस्तो अत्यन्त राम्रो पोशाक तयार गर्न सक्छन्, जसबारे कसैले सपनामा पनि कल्पना गरेका नहोलान् । तिनीहरूको के पनि दाबी थियो भने त्यस चमत्कारी पोशाकलाई मूर्ख अथवा आफ्नो पदको लागि अयोग्य व्यक्तिले आफ्नो आँखाले देख्न सक्ने छैन ।

बादशाहले तुरून्तै आफ्नो लागि त्यस्तै पोशाक तयार गर्ने आदेश दिए । ती दुई ठगहरूले कपडा बुन्ने र पोशाकका लागि धागो कात्ने तथा कपडा सिउने काम सुरु गरे । पोशाक तयार गर्ने काम कहाँसम्म पुग्यो भन्ने पत्ता लगाउन बादशाहले कैयौं पटक आफ्ना मन्त्रीहरूलाई ती ठगहरूले काम गरिरहेको ठाउँमा पठाए । मन्त्रीहरूले प्रत्येक पटक त्यहाँबाट फर्केर पोशाक धमाधम तयार भइरहेको आफ्नै आँखाले देखेको र त्यो एकदमै राम्रो रहेको कुरा बादशाहलाई बताए । वास्तवमा तिनीहरू झुठो बोलिरहेका थिए किनभने तिनीहरूले केही पनि देखेका थिएनन् । तर तिनीहरूमा साँचो कुरा भन्ने साहस थिएन, किनभने त्यसो गरेमा तिनीहरूलाई मूर्ख ठानिन्थ्यो अथवा मन्त्री पदको लागि अयोग्य मानिन्थ्यो । यो कुरा तिनीहरूका लागि झन् हानिकारक हुन्थ्यो ।

बादशाहको इच्छा के थियो भने, जब उनको नयाँ पोशाक तयार हुनेछ, तब उनी पहिले नै कुनै दिन निश्चित गरेर एउटा भव्य समारोहको आयोजना गर्नेछन् र त्यही मौकामा आफ्नो नयाँ पोशाक लगाउने छन् । आखिरमा त्यो दिन पनि आइपुग्यो । दुवै ठगहरूले बादशाहलाई आफ्नो पुरानो कपडा फुकाल्न भने । त्यसपछि तिनीहरूले आफ्नो हाउभाउद्वारा बादशाहलाई नयाँ पोशाक लगाइदिन लागेझैं गरे । त्यहाँ उपस्थित बादशाहका सेवकगण आफूलाई मूर्ख या पदको लागि अयोग्य ठानियोस् भन्ने चाहँदैनथे । त्यसैले तिनीहरू पोशाकको प्रशंसामा 'वाह ! वाह !' गर्न थाले । बादशाहले पनि नोकर-चाकरको सहमतिमा आफ्नो टाउको हल्लाएर परम सन्तोष व्यक्त गरे । त्यसपछि उनी नाँगै महलबाहिर निक्लिए तथा शहरमा घुमफिर गर्न लागे ।

सडकमा आवत-जावत गर्ने मानिसहरू पनि मूर्ख नठानियोस् भनेर बादशाहको नयाँ पोशाकको प्रशंसा गर्न लागे, मानौ त्यो पोशाक उनीहरूले साँच्चि नै देखिरहेका होऊन् । तर त्यसैबेला एउटा बच्चाले अचानक बडो सरलतापूर्वक भनिदियो "ओहो । यो मान्छेको जीउमा एउटा लुगा पनि छैन ।"

यो कुरो त्यहाँ रहेका अनेक मानिसहरूका कानमा पयो । र, एक एक गरी यो कुरा सबै मानिसहरूमा पुग्यो । अब उनीहरू हाँस्न र हल्ला गर्न लागे । उनीहरू भन्दै थिए 'ओहो साँच्चै बादशाहले त एउटा लुगा पनि लगाएका छैनन् ।' बादशाहको मनमा उनीमाथि छल गरिएको छ भन्ने आशंका अचानक पैदा भयो । तर उनको लागि यस रमितालाई अन्त्य गर्नु पनि त्यति सजिलो थिएन । त्यसैले उनी झन् ठाँटसँग गजक्क परेर हिंड्न लागे र आफ्नो आशंका समाप्त गरेपछि मात्रै दरबारमा फर्किने निश्चय गरे ।

त्यसपछि के भयो भनेर ह्यान्स एण्डरसनले भनेका छैनन् । तर कथा वास्तवमा यहीँ सकिएको थिएन । बरू त्यसपछि अरू पनि धेरै कुरा देख्न पाइएको थियो ।

रमितेहरूको भीडमा बादशाह अगाडि अगाडि हिँडिरहेका थिए, मानौं केही भएकै छैन । उनी यति अररो भएर ठाँटसँग हिँडिरहेका थिए कि उनको पिठ्यूँ र गर्दन दुख्न थालिसकेको थियो । उनका नोकरहरू पनि उनको पछिल्तिर यसरी हिँडिरहेका थिए मानौं तिनीहरू बादशाहको राजसी पोशाकको फेर समातिरहेका छन् । यस्तो स्वाङ पार्न तिनीहरूले जुन भूमिका खेल्नु परिरहेको थियो, त्यससँग तिनीहरू राम्ररी परिचित थिए । तर आफ्नो मुखबाट हाँसोको खित्का नछुटोस् भनेर तिनीहरूले आफ्नो ओठलाई दाँतले थिचिरहेका थिए । किनभने तिनीहरू आफूलाई मूर्ख ठानियोस् भन्ने चाहँदैनथे । बादशाहका अंगरक्षकहरू भुइँमा आँखा गाडेर हिँडिरहेका थिए किनभने आपसमा तिनीहरूको आँखा जुध्ला र हाँसोको फोहोरा निस्केला भन्ने तिनीहरूलाई ठूलो डर थियो ।

तर जहाँसम्म नगरवासीहरूको प्रश्न थियो, उनीहरू त सीधा, सादा निष्कपट हृदयका मानिसहरू थिए । हाँसो रोक्नका लागि ओठ टोक्ने वा आँखा भुइँतिर फर्काएर हिंड्ने कुरामा उनीहरूको ध्यान थिएन । त्यसैले आफ्नो बादशाह नाङ्गै सडकमा हिँडिरहेका छन् भन्ने नाङ्गो सत्य जब उनीहरूको अघिल्तिर प्रस्तुत भयो, तब उनीहरू खित्का छाडेर हाँस्न थाले ।

"ओहो ! कति राम्रो राजा ! हेर न कति ठाँट्टिएर हिँडिरहेका छन् !" कुनै व्यक्तिले व्यंग्यपूर्ण मुस्कानसहित भन्यो ।

"आफ्नो होसहवासै गुमाएजस्ता छन् ।" अर्कोले अट्टहास गयो । "कति दुब्लो र कुरूप मान्छे !" तेस्रो व्यक्तिले छेड हान्दै भन्यो । "उनको काँध र खुट्टामा हेर त ! प्वाँख उखेलिएको बकुल्लाजस्तो छ", चौथो व्यक्तिले भन्यो ।

मानिसहरूका यस्ता टीकाटिप्पणी सुनेर बादशाहले आफूलाई अपमानित अनुभव गरे । उनलाई रिस उठ्यो । उनले आफ्नो सवारी रोकिदिए । त्यसपछि आफ्ना मन्त्रीहरूलाई हकार्दै उनले भने -"तिमीहरू यी मूर्ख र कृतघ्न मानिसका कुराहरू सुनिरहेका छौँ ? मानिसहरू बक् बक् गर्दै हिँडिरहेका छन् । तिमीहरू तिनलाई किन चूप लगाउन्नौ ? मेरो नयाँ राजसी पोशाक कति राम्रो छ ! यो पोशाक पहिरिएपछि मेरो राजसी ठाँटमा कत्रो बढोत्तरी भएको छ । आखिर तिमीहरू सबैले पनि त यो पोशाकको प्रशंसा नै गरिरहेका छौ । अबदेखि म यही पोशाक नै लगाउने गर्छु, अरू लुगा लगाउँदिन । मलाई नाङ्गै छ भनेर भन्ने आँट गर्ने कुनै पनि व्यक्ति वास्तवमा पाजी र गद्दार हो । त्यसैले त्यस्तो व्यक्तिलाई गिरफ्तार गरेर फाँसीको सजाय दिनुपर्छ । यो मेरो नयाँ कानून हो । यो कानून लागू हुने तुरून्त घोषणा गर !"

बादशाहका मन्त्रीहरू तुरून्तै यस काममा व्यस्त भए । तिनीहरूले झ्याली पिटेर मानिस जम्मा गर्न र यो नयाँ कानुन लागू हुने घोषणा ठूलो आवाजमा गर्नका लागि कटुवालहरूलाई आदेश दिए । यस घोषणापछि त्यसको असर के पयो भने केही समयका लागि मानिसहरूको हाँसो र छेडछाड थामियो । यसले गर्दा बादशाह धेरै खुसी भए र आफ्नो लावालस्करसहित अघि बढे । तर उनी धेरै पर नपुग्दै फेरि मानिसको हाँसो र छेडछाडको आवाज बारुदको विस्फोटजस्तै उनको कानमा पर्न थाल्यो ।

"उनको शरीरमा एक धरोसम्म छैन ।"

"उनको छाला कति घिनलाग्दो र अशोभनीय छ ।"

"छि कस्तो किसिमको नयाँ लुगा हो यो ।"

मानिसहरू छेडछाड गरिरहेका थिए र बिच-बिचमा खित्का छाडेर हाँसिरहेका थिए । बादशाहलाई फेरि रिस उठ्यो । उनी मन्त्रीतिर फर्किए र रिसले गर्जिदै भने "तिमीहरूले सुनेनौ तिनीहरू के वक्दैछन् ?"

"हो, हजूर । हामीले सुन्यौं ।" डरले काँप्दै मन्त्रीहरूले जवाफ दिए, "त्यसोभए तिमीहरूले भर्खरै मैले बनाएको नयाँ कानून बिर्सियौ ?" बादशाहले आफ्नो कुरा सिध्याउनुअघि नै मन्त्रीहरूले घोचपेच र हाँस्ने सबै मानिसहरूलाई पक्रेर ल्याउन सैनिकहरूलाई आदेश दिए ।"

मानिसहरूमा खलबली मच्चियो । सैनिकहरू आफ्ना भाला उज्याउँदै दगुरादगुर गरेर ती मानिसहरूलाई धरपकड गर्न थाले त्यहाँबाट उम्केर भाग्ने प्रयास गरिरहेका थिए । यो दगुरादगुर र भागम्भार थुप्रै मानिसहरू भुइँमा पछारिए । केही मानिसहरू मानिसहरूमाथि कुल्चि उफ्रिदै भाग्न पुगे । त्यसैले अब हाँसो र छेडछाडको साटो मानिसहरूको चित्कार र रुवावासी सुनिन थाल्यो । लगभग पचास जनालाई पक्रा गरियो । राजाको कानून कतिको कडा छ भनेर प्रजाहरूले बुझुन्, कसैले पनि त्यस कानूनलाई अवहेलना गर्न नसकून् भनेर बादशाह पक्राउ परेका मानिसहरूलाई घटनास्थलमै मारिदिने आदेश दिए ।

यो घटनापछि बादशाह नितान्त नाङ्गै रहन थाले । कहाँसम्म न उनी आफ्नी रानीको महल र राजदरवारमा पनि एकदम नाँगै जान्थे बेला-बेलामा आफ्नो पोशाकमा परेको मुजा सम्याइरहेजस्तो हाउभाउ पनि देखाउँथे । जब बादशाहका भित्रीनी र दरबारका अरू नोकरचाकरहरू दुब्लो, पातलो र घिनलाग्दो प्राणीजस्ता यी बादशाहलाई त्यस्तो उपद्र गरिरहेको देख्थे, तब शुरू-शुरूमा तिनीहरूलाई बडो अनौठो लाग्थ्यो तिनीहरू बादशाह तिर हेर्नुको साटो भुइँतिर हेर्न थाल्थे । तर विस्तारै विस्तारै तिनीहरूलाई यस्तो कौतुहलपूर्ण दृश्य हेर्ने बानी बस्न थाल्यो । तिनीहरू आफ्नो टाउको एकदम सीधा पारेर कुनै विशेष कुरा केही नभए गरी अघितिर हेर्न थाले । तिनीहरूलाई यो कुरा हास्यास्पद लाग्दैनथ्यो त्यसैले तिनीहरू बादशाहतिर यस्तरी हेर्थे मानौँ बादशाहले आफ्ना सबै लुगाहरू लगाएकै छन् । भित्रीनी र दरबारका ती कारिन्दाहरूलाई त्यस्त किसिमको देखावटी व्यवहार गर्नु एकदम जरूर पनि थियो, किनभने त्यसो नगर्दा तिनीहरूले आफ्नो पदमात्र होइन, जीवनसमेत गुमाउनुपर्ने अवस्था आउन सक्थ्यो । तर यस्तो कोशिस सावधानी अपनाउँदा अपनाउँदै पनि यदि एकपलमा भए पनि तिनीहरू चुके भने त्यसले तिनीहरूलाई संकटमा पार्नसक्थ्यो । दुईजनालाई त्यस्तै संकट परेको थियो ।

कुरा के भयो भने एक दिन बादशाह रक्सी खाइरहेका थिए । उनकी एउटी रखौटी उनको नजिकै उभिएकी थिई । उसले प्यालामा रातो रक्सी खन्याई र फेरि त्यो प्याला बादशाहको मुखमा पुयाएर बादशाहलाई प्रसन्न पार्ने प्रयास गरी । उसले बडो मायालु शैलीमा बादशाहलाई भनी, "तपाईं यसलाई पिउनुहोस् महाराज ! तपाईंलाई धेरै लामो आयु प्राप्त होस् भन्ने मा कामना गर्दछु ।"

बादशाह निकै खुसी भए र उनले त्यो रक्सी स्वाट्टै पिएर प्याला रित्याइदिए । तर बादशाहले एकैपटक प्यालाको रक्सी स्वाट्टै निलेकाले उनलाई खोकी लाग्यो र अलिकति रक्सी छचल्किएर उनको छातीमा पयो । "ओहो ! रक्सीको केही थोपा छचल्किएर हजुरको छातीमा परेछ ।"

"के भन्या ? मेरो छातीमा ?"

त्यस रखौटीलाई तुरुन्तै आफ्नो गल्तीको आभास भयो । अनि उसको राम्रो अनुहार डरले कालो नीलो भयो । "होइन, होइन, छातीमा होइन", उसले काँपेको आवाजमा आफ्नो गल्ती सच्याउँदै भनी, "हजुरको पोशाकमा केही छिटाहरू परेका छन् ।"

"तर तिमीले अहिले भर्खरै मेरो छातीमा रक्सी पयो भनेकी थियौ । वास्तवमा तिमी के भन्न चाहन्छ्यौ भने मैले कुनै लुगा लगाएकै छैन । मूर्ख आइमाई तिमी एउटी दुष्ट आइमाई हौ र तिमीले मेरो कानुन उल्लंघन गरेकी छौ ।" यति भनिसकेपछि उनले चिच्याएर भने-"यस आइमाईलाई जल्लाद कहाँ पुन्याओ ।" यसपछि बादशाहको सेवकले त्यस रखौटीलाई त्यहाँबाट घिच्याएर लग्यो ।

दोस्रो घटनाचाहिँ अत्यन्त बुद्धिमान एउटा मन्त्रीसँग सम्बन्धित थियो । यी मन्त्रीले पनि बाध्यतावश अरुले जस्तै बादशाहको पोशाक देखेको अभिनय गर्ने बानी पारेका थिए । तर पनि जब बादशाहले सिंहासनमा बसेर मन्त्री र भारदारहरूबीच आफ्नो काम सुरु गर्थे, तब नचाहँदा नचाहँदै पनि यी मन्त्रीको मनमा के विचार आइहाल्थ्यो भने- राजसिंहासनमा नाङ्गै बस्ने यस्तो व्यक्तिलाई बादशाह भन्नु अर्थहीन कुरा हो । उनी सोच्थे, यस्तो व्यक्तिलाई बादशाह होइन, भुत्ला नभएको बाँदर भन्नु बढी उपयुक्त हुन्छ । कहीँ कुनै दिन आफ्नो मुखबाट कुनै गलत कुरा निस्कने पो हो कि वा कुनै गलत मौकामा आफ्नो मुखबाट खित्का छुट्ने पो हो कि भनेर मन्त्रीलाई डर लागिरहन्थ्यो । यदि त्यस्तो भएछ भने आफ्नो सर्वनाश हुनेछ भनेर उनलाई डर लागिरहन्थ्यो । त्यसैले यी मन्त्रीले आफ्नी आमा निकै बूढी हुनुहुन्छ, घरमा गएर बूढी आमाको स्याहार-सुसार गर्न पाउँ भन्ने बहाना बनाएर आफूलाई मन्त्रीपदबाट मुक्त गरिदिन बादशाहलाई अनुरोध गरे ।

"एउटा मातृभक्त पुत्रको प्रार्थना स्वीकार गर्नु मेरो लागि खुसीको कुरा हो !" यसो भनेर बादशाहले उनलाई नोकरी छोड्नका लागि अनुमति दिए ।

अनि यी मन्त्रीले आफूमाथि कृपा गरेकोमा बादशाहलाई धन्यवाद दिए र उनीसँग विदा भएर त्यहाँबाट हिंड्न तयार भए । पदमुक्त भएपछि मन्त्रीलाई कुनै कठोर बन्धनबाट छुटकारा पाएजस्तो प्रतीत भयो । त्यसैले उनले सोचविचारै नगरी प्याच्च भनिहाले-"हे भगवान, तिमीलाई कोटी कोटी धन्यवाद छ । मैले अब यो नाङ्गो बादशाहलाई फेरि हेर्नुपर्ने छैन ।"

मन्त्रीको यो भनाइलाई बादशाहले प्रष्टसँग सुन्न सकेनन्, त्यसैले उनले आफ्ना सेवकहरूसँग सोधे-"यसले के भन्यो है ?"

बादशाहको रिसाहा अनुहार देखेर सेवकहरूले उनलाई साँचो कुरा भनिदिए । "ए, तिमीले नोकरी छोड्न अनुमति मागेको कारण त मलाई नाई हेर्न नसकेर पो रहेछ !" बादशाह गर्जिए । "मैले बनाएको कानुनलाई तिमीले भङ्ग गर्यो । हेरौला अब तिमी फ्नो घर कसरी जान्छौँ ।"

बादशाहले त्यहीबेला ती मन्त्रीलाई दरबारबाट लगेर मारिदिन आफ्ना जल्लादहरूलाई आदेश दिए । त्यसपछि बादशाहको दरबार र राज्यमा उनको कानुनको उल्लंघन हुन नपाओस् भनेर प्रत्येक व्यक्ति निक्कै चनाखो रहन थाले ।

तर आम मानिसहरू बादशाहको रखौटी र दरबारका कर्मचारीहरूजस्तो त्यति व्यवहार कुशल थिएनन् । बादशाह जब उनीहरूको अघिल्तिर प्रकट हुन्थे तब उनीहरू उनको हाउभाउ र घिनलाग्दो शरीर देखेर उनको खिल्ली उडाइरहन सक्दैनथे । त्यसको नतिजा के भयो भने अनेक मानिसलाई मृत्युको मुखमा पुऱ्याइयो । एक दिन जब देवताहरूलाई बलि चढाउनका लागि बादशाह पूजास्थलमा पुगे, तब उनले तीन सय मानिसहरूलाई मार्न लगाए । त्यसपछि फेरि एक दिन जब उनी आफ्नो सैन्यदल निरीक्षण गर्न गए, त्यसबेला उनले पाँच सय मानिसहरूलाई मार्न लगाए । यसैगरी शहरमा बादशाहको शाही भ्रमणको क्रममा एक हजारभन्दा पनि बढी मानिसहरूले आफ्नो ज्यान गुमाउनु पऱ्यो किनभने नगरको सडकबाट वादशाहको सवारी चलिरहेको बेला थुप्रै मानिसहरूले उनलाई देखेर आफ्नो हाँसो थाम्न सकेका थिएनन् ।

बादशाहका एकजना बूढा मन्त्री थिए । उनी दयालु हृदयका थिए । उनी के अनुभव गर्थे भने यति धेरै संख्यामा मानिसहरूको हत्या गर्न एउटा निर्ममतापूर्ण काम हो । यस कामलाई बन्द गर्नुपर्छ । तर उता बादशाह भने आफूले गलत काम गरिरहेको मान्न पटक्कै तयार थिएनन । बादशाहको के विचार थियो भने उनको गल्ली औंल्याउने मान्छे स्वय एउटा ठूलो अपराधी हो । तर वृद्ध मन्त्री सोच्थे, कुनै यस्तो उपाय गर्न सकियोस्, जसले गर्दा बादशाह फेरि लुगा लगाउन तयार होऊन् । त्यस्तो भएमा मानिसहरूले कुरा काट्ने र अट्टहास गर्ने काम स्वतः बन्द गर्नेछन र त्यसपछि हत्याको यो सिलसिला पनि समाप्त हुनेछ । उनी सधैँ यही चिन्तामा डुबिरहन्थे । बादशाहलाई फेरि लुगा लगाउन राजी गराउने कुनचाहिँ जुक्ति सबभन्दा बढी उपयोगी र सुरक्षित होला भनेर सोच- विचार गर्दागर्दै उनले कैयौं रात नसुतेरै बिताए ।

अन्त्यमा बूढो मन्त्रीलाई एउटा उपाय सुझ्यो । अनि उनी बादशाहलाई भेट गर्न राजदरबार गए । उनले भने " म तपाईंको एउटा बफादार सेवक हूँ, त्यसैले म तपाईंलाई एउटा सुझाव दिन चाहन्छु । र के आशा गर्छु भने महाराजले मेरो सुझावमाथि अवश्य नै विचार गर्नुहुनेछ । महाराजलाई सधैं नै नयाँ नयाँ पोशाक लगाउने सोख रहेको छ यो उचित पनि छ, किनभने नयाँ र शानदार पोशाकहरूले तपाईंको प्रतिष्ठा र गरिमाको वृद्धि गर्छन् । तर यता केही समयदेखि तपाईंले आफ्नो लागि कुनै नयाँ पोशाक बनाउन लगाउनुभएको छैन । तपाईं आफ्नो राजकाजको काममा यति व्यस्त रहनुभयो कि यसतर्फ तपाईंको ध्यानै गएन । यतिखेर तपाईंले जुन पोशाक पहिरिनु भएको छ, त्यसको रंग अलिअलि खुइलिदै जान थालेको छ । आफ्ना सुचीकारहरूलाई नयाँ पोशाक तयार गर्न तपाईं किन आदेश दिनुहुन्न ? त्यो नयाँ पोशाक पहिरिएर तपाईं केही नवीनता अनुभव गर्न सक्नुहोस् भन्ने मेरो शुभकामना छ ।"

"के भन्यौ ? यो पोशाकको रंग उड्न थालेको छ रे ?" बादशाहले आफ्नो पोशाकमा एकपटक हेरे र आफ्नो शरीरमा हातले सुमसुम्याएर भने "तिमी बकवास गर्दैछौं । यो त चमत्कारी पोशाक हो । यसको रंग कहिल्यै खुइलिंदैन । यो पोशाकबाहेक म अर्को कुनै पोशाक कहिल्यै लाउँदिन भनेर मैले भनिसकेको छु । यो कुरा तिमीले सुनेका थिएनौ र ? यो पोशाक फुकालेर म कुरूप देखिउँ र भाग्यले मेरो साथ छोडोस् भन्ने तिमी चाहन्छौ होला । ल भैगो । तिम्रो अहिलेसम्मको सेवा र वृद्धावस्थालाई विचार गरेर म तिमीलाई जल्लादहरूकहाँ त पुऱ्याउन्न तर तिमीले आफ्नो बाँकी जीवन एउटा कैदीको रूपमा अवश्य ने जेलमा बिताउनु पर्नेछ ।"

त्यस वृद्ध मन्त्रीले त्यतिका सोचविचार गरेर जेजति प्रयास गरेका थिए त्यसको कुनै राम्रो नतिजा निक्लिएन । त्यसैले मानिसहरूलाई मृत्युदण्ड दिने सिलसिला पहिले के जारी रहयो । त्यतिमात्र नभएर मानिसले बादशाहको खिल्ली उडाउन बन्द नगरेकाले बादशाह झन् बढी रिसाउन थालेर उनले पहिलेको भन्दा कडा कानून बनाइदिए । उनले के फरमान जारी गराए भने उनी जहाँ जहाँबाट हिँड्छन्, त्यहाँ मानिसहरूले कुनै पनि किसिमको हल्ला खल्ला नगरून्, यदि कसैले मुखबाट एक शब्दमात्रै निकालेको सुनियो भने पनि त्यस अपराधको निमित्त उसलाई मृत्युदण्ड दिइनेछ ।

बादशाहद्वारा यस्तो नया कानूनको घोषणा गरिएकोमा नगरका तमाम इमान्दार मानिसले बादशाह सीमाभन्दा निक्कै अगाडि बढेको अनुभव गरे । बादशाहको खिल्ली उडाउनु निःसन्देह उचित थिएन, तर मानिसले अरू नै विषयमा कुराकानी गरेछन् भने पनि उनीहरूलाई मृत्युदण्ड दिइने कुराको पनि आखिर के औचित्य छ र ? त्यसैले यस्तो सोच्ने जति सबै मानिसहरू बादशाहको महलमा पुगे र उनीहरूले घुडा टेकेर बादशाहसँग गुनासो गर्न लागे । उनीहरूलाई देखेर बादशाह केही उद्विग्न भए र बाहिर निक्लेर उनीहरूलाई धम्क्याउँदै उनले भने "तिमीहरू यहाँ किन आएका हौ ? के तिमीहरू विद्रोह गर्ने मनसायले आएका हौ ?"

ती इमान्दार मानिसहरूलाई टाउको उठाउने साहस भएन । त्यसैले उनीहरूले छिटो छिटो जवाफ दिए "होइन, होइन, महाराज! हजुरले हाम्रो कुरा गलत बुझ्नुभयो । हाम्रो त्यस्तो केही इरादा छैन ।"

उनीहरूको कुरा सुनेर बादशाहको हंस ठाउँमा आयो । र, उनी आफ्नो कपडाको मुजा मिलाएझ हाउभाउ देखाउनथाले, जुन कपडा उनले लगाएकै थिएनन् । तुरुन्तै फेरि उनको मुद्रा केही कठोर भयो र उनी अझ बढी धाक देखाउँदै बडो गजक्क परेर भन्न थाले, "त्यसो भए तिमीहरू यहाँ किन आएका हौ त ?" "हामी कुराकानी गर्ने र हाँस्ने हाम्रो स्वतन्त्रता फिर्ता गरियोस् भन्ने फिराद लिएर महाराजसमक्ष बिन्ती गर्न आएका हौं । हजुरका बारेमा जथाभावी बोल्ने या खिल्ली उडाउने जति पनि मानिसहरू छन्, तिनीहरू वास्तवमा खराव हुन्, तसर्थ तिनीहरूको प्राप्त लिनै पर्दछ । तर हामीहरू सबै राम्रा र इमान्दार नागरिकहरू हो। त्यसैले हजुरले आफ्नो नयाँ कानून फिर्ता लिइदिन बिन्ती गर्न आएका हौँ ।"

"तिमीहरूलाई कसरी स्वतन्त्रता दिन सकिन्छ र ?", बादशाहले तिनीहरूसँग सोधे ।

"यदि तिमीहरू स्वतन्त्रता चाहन्छौ भने मेरा प्रजाका रूपमा रहने अधिकार कसरी पाउन सक्छौ र ? यदि तिमीहरू मेरा प्रजाका रूपमा रहन चाहन्छौ भने तिमीहरूले मेरो कानूनको पालना नगर्न र मेरो कानून निकै कडा छ ।" त्यस्तो कानूनलाई खारेज गर्न त प्रस्तै आउँदैन यसो भनेर बादशाह आफ्नो महलभित्र फर्केर गए ।

त्यहाँ रहेका इमान्दार नागरिकहरूलाई अब थप कुरा भन्ने साहस भएन । त्यहाँ रहेकामध्ये केही मानिसले विस्तारै विस्तारै आफ्नो शिर अलिकति माथि उठाएर हेरे । बादशाह यहाँबाट गइसकेका छन् भन्ने थाहा पाएर उनीहरूले के बुझे भने घरतिर फर्किनुबाहेक आफ्नो अगाडि अब अर्को कुनै विकल्प छैन ।

केही दिन बितेपछि उनीहरूले एउटा नयाँ जुति अपनाए । त्यसअनुसार, जब बादशाह सडकमा निस्कन्थे, तब उनीहरू आफ्नो घरभित्र जान्थे र ढोका बन्द गर्थे । अब उनीहरू घरबाट बाहिर निक्लिएर सडकमा आउन हिच्किचाउन थालेका थिए ।

एक दिन बादशाह आफ्ना मन्त्रीहरू र अगरक्षकहरूलाई साथ लगाएर महलबाट आफ्नो गढीतिर हिँडे । बादशाहको सवारी चलिरहेको बेला जहाँ जहाँ बादशाह पुगे, त्यहाँ त्यहाँ नगरका सडकहरू एकदम सुनसान थिए । सडकको दायाँ-बायाँका घरमा झ्याल ढोकाहरू सबै बन्द भएका थिए । सवारीको ताँती राती राती हिंड्ने सेनाको टुकडीजस्तो चुपचाप हिँडिरहेको थियो । त्यसबेला हिंड्दाखेरी भुईमा पर्ने पाइलाको आवाजसिचाय अरू केही सुनिदैनथ्यो । हिंड्दा हिंड्दै बादशाह अचानक अडिए र उनको कान ठाडो भयो । र गर्जिदै उनले आफ्ना मन्त्रीहरूलाई सोधे, "तिमीहरूले यो आवाज सुन्यो ?"

मन्त्रीहरूले कान ठाडो पारेर त्यस आवाजलाई सुन्ने कोसिस गर्न लागे । "हजुर, हामीले सुन्यौ, सायद कुनै बच्चा रोएको आवाज हो ।" एउटा मन्त्रीले जवाफ दियो ।

"कुनै आइमाईले गीत गाएकी हो कि जस्तो पनि छ ।" अर्को मन्त्रीले अनुमान लगायो । "सायद कुनै मानिस रक्सीले फिटान भएर भुत्भुताइरहेको होला ।"-तेस्रो मन्त्रीले भन्यो ।

बादशाहलाई लाग्यो उनका मन्त्रीहरू उनको कुरालाई हल्काफुल्का ढंगले लिएर उडाउँदैछन् । त्यसैले उनले एकदम रिसाएर चिच्याउँदै भने, "मैले बनाएको नयाँ कानुनलाई तिमीहरूले बिर्सियौ कि क्या हो ?"

मन्त्रीहरूले आफ्नो आज्ञाकारिताको परिचय दिंदै अंगरक्षकहरूलाई आदेश दिए। सबै बन्द ढोकाहरूलाई फोरेर घरभित्र जाओ र जोसुकैले चुंसम्म गरेर आवाज निकालेका भए पनि समात र तिनीहरूलाई प्राणदण्ड दिनका लागि जल्लादहरूलाई सुम्पिदेओ चाहे तिनीहरू आइमाई होऊन्, या पुरुष जवान होऊन या वृद्ध ।

ठीक त्यसैबेला एउटा अप्रत्याशित कुरा देखियो । अंगरक्षकहरूले घरको ढोका फोरेर जबरजस्ती भित्र पस्नेबित्तिकै ती घरका पुरुषहरू, महिलाहरू र केटाकेटीहरूको भीड कराउँदै बाहिर निक्लियो । ती मानिसहरू हुर्रिएर बादशाहको नजिक पुगे । उनीहरूले बादशाहलाई बेस्सरी अँठ्याए । त्यतिमात्र होइन, उनीहरूले आफ्ना हत्केलाले बादशाहको शरीरलाई कोपर्दै र चिथोर्दै चिच्याएर भने-"यसको अदृश्य लुगालाई च्यातिदेओ । यसको जीउबाट त्यो लुगा फुकालेर फालिदेऊ !"

यसपछिको दृश्य त झन् बडो हास्यास्पद र कोलाहलपूर्ण थियो । पुरुषहरू बादशाहका सुकेका र मिना पाखुरा बटारिरहेका थिए भने महिलाहरू उनका कैला रौहरू भएको ध्वाँसे छातीमा आफ्ना नरम औलाहरू चलाएर उनलाई सताइरहेका थिए । दुईवटा बच्चाहरू पनि भीडको बीचबाट टेलमठेल गर्दै उनीकहाँ आइपुगे । र तिनले आफ्ना स-साना हातहरू उचालेर उनको काखीका रौहरू भुल्याउन थाले । यस प्रकारले बादशाहलाई सबैतिरबाट घेरियो र उनले त्यहाँबाट भाग्ने कुनै बाटो पाएनन् । अनि उनले आफ्नो शिर सुकाए । त्यसपछि एउटा दुम्नीले जस्तै आफ्नो शरीरलाई लुकाएर भीडको ताडनाबाट जोगिने प्रयास गर्न थाले । तर उनी जोगिन सकेनन् । आफ्ना दुवै काखीका रौहरू उखेल्ने र कुत्कुति लगाउने गरिनाले बादशाहलाई खपिनसक्नु पीडा र छट्पटी भइरहेको थियो । त्यसैले उनले आफ्ना दुवै हातहरू जीउमा राम्ररी टाँसिने गरी बेस्सरी च्यापे । तै पनि उनले यो समस्याबाट छुटकारा पाउन सकेनन् । दुवै काँधको बीचमा आफ्नो टाउकोलाई खुम्च्याएर नाक मुख खुम्च्याउंदै दयनीय अनुहारमा बिलौना गर्नु सिवाय उनले अरु केही पनि गर्न सकेनन् । उता मानिसहरूको उन्मादी लहड सकिने कुनै छाँट देखिन्नथ्यो ।

मानिसहरूका घरहरूबाट निक्लिएर भर्खरैमात्र बाहिर आइरहेका बादशाहका अंगरक्षकहरूले बादशाहको हुलिया बिच्छीको डसाइबाट आहत र त्रस्त वाँदरको जस्ता निकै हास्यास्पद देखे । बादशाहलाई यस रूपमा देखेर तिनीहरूले उनीप्रति सम्मान प्रकट गर्न बिर्सिए । अनि आम मानिसहरूले जस्तै तिनीहरू पनि खित्का छोडेर हाँस्न थाले। ती अंगरक्षकहरूलाई त्यसरी खित्का छाडेर हाँसेको देखेर बादशाहका मन्त्रीहरू पहिले त भयभीत भए, तर पछि जब तिनीहरूले खुसुक्क बादशाहतिर हेरे तब तिनीहरू स्वयं पनि मज्जाले हाँस्न पुगे ।

यस्तो लाग्थ्यो, ती अंगरक्षक र मन्त्रीहरूलाई हाँस्ने रोगले बेस्सरी समातेको छ । हाँस्दा हाँस्दा तिनीहरूको पेट दुखिसकेको थियो । अचानक तिनीहरूलाई आफूहरूले बादशाहको कानून तोडिरहेका छो भन्ने ज्ञान भयो । अनि तिनीहरूलाई लाग्यो, यस अपराधको निम्ति हामीहरू गिरफ्तार हुन पनि सक्छौं । यसअघि जब कुनैबेला मानिसहरू बादशाहको खिल्ली उडाउँथे, तब उनीहरूलाई सजाय दिनका लागि मन्त्री र अंगरक्षकहरूले नै बादशाहलाई मद्दत गर्नुपर्दथ्यो । तर यसबेला तिनै मन्त्री र अंगरक्षकहरू नै बादशाहको खिल्ली उडाइरहेका थिए । तिनीहरूले फेरि एकपटक बादशाहतिर हेरे । मानिसहरूले कोपर्ने, चिथोर्ने र चड्काउने गर्नाले बादशाहको शरीरमा जहाँतहीं घाउ र काला नीला दागहरू बनेका थिए । बादशाह पोको परेर बसेका थिए । यस्तो लाग्थ्यो कुनै मुसो पानीले रूझेर कुनै कुनामा असहाय बसिरहेको छ । निकै हास्यास्पद दृश्य थियो । कुनै पनि हास्यास्पद दृश्यलाई देखेपछि मानिसहरूले हाँस्नु स्वाभाविक नै हो । तर बादशाहले एउटा कानून बनाएर मानिसहरूलाई होस्न प्रतिबन्ध लगाइदिएका थिए । कति मूर्खतापूर्ण कुरा ! यसैले उनका मन्त्री र अंगरक्षक पनि अरू मानिसहरूसँगसँगै ठूल्ठूलो स्वरले कराउंदै बादशाहसँग माग गर्न लागे, "आफ्नो अदृश्य पोशाकलाई फुकाल । त्यसलाई आफ्नो शरीरबाट अलग्याऊ ।"

जब बादशाहले आफ्ना मन्त्री र अंगरक्षकहरू पनि जनसमूहको पक्षमा गएका देखेर तिनीहरू आफूसँग डराउन छाडे भन्ने बुझे तब उनलाई यति गहिरो चोट पऱ्यो कि उनी बेहोस भएर जमीनमा यसरी पछारिए मानौँ कसैले निकै ठूलो हथौडाले उनको टाउकोमा बजाइदिएको होस् ।

*अनुवाद : गोविन्द वर्तमान (मूल्यांकन, २०६२ असोज अंकबाट साभार)*

## आज जनैपूर्णिमाः

# जनैपूर्णिमाको धार्मिक एवं वैज्ञानिक महत्व



भाइ र बहिनीबिचको अटुट प्रेमलाई दर्शाउने पर्व हो, रक्षाबन्धन । खास गरेर रक्षाबन्धन हिन्दू धर्मावलम्बीले मनाउने एउटा पवित्र पर्व हो । रक्षाबन्धन शब्दमा दुई वटा शब्द जोडिएको छ 'रक्षा र बन्धन' रक्षाको अर्थ भाइले बहिनीको रक्षा गर्ने वाचा दिन्छ भने बन्धन जसले भाइबहिनीको सम्बन्धमा अझ बढी माया, स्नेह, सामिप्य र प्रेम ल्याउँछ ।

रक्षाबन्धन पारिवारिक मेलमिलाप बढाउने पर्व पनि हो । यो अवसरमा परिवारका हरेक मानिस एक ठाउँमा जम्मा हुन्छन् । रक्षाबन्धनका अवसरमा बजारमा पनि विशेष चहल पहल हुन्छ । रङ्गीबिरङ्गी राखीले पसल सजेको छ ।

पौराणिक कथाअनुसार देवराज इन्द्र र दैत्यराज वृत्तासुरका साथ १२ वर्षसम्म भयङ्कर युद्ध चलेको थियो । यस युद्धमा असुरले देवतामाथि विजय प्राप्त गरेका थिए । पराजित देवगण धर्म एवं संस्कारविहीन भएर जीवनयापन गर्न लागे ।

यसरी गौरवहीन जीवनदेखि देवराज इन्द्रले बाँच्नुभन्दा मर्नु नै श्रेयस्कर सम्झेर असुरसँग अन्तिम युद्ध गर्ने सङ्कल्प लिन्छन् । त्यो दिन श्रावण शुक्ल चतुर्दशीको दिन थियो । अतः देवगुरु वृहस्पतिले अघिल्लो दिन इन्द्रको कल्याण एवं विजय कामना होस् भनी श्रावणमासको पूर्णिमाको शुभमुहूर्तमा इन्द्रलाई रक्षाबन्धन बाँधेर बल प्रदान गरेका थिए ।

आज जनै पूर्णिमा पनि हो । जनै पूर्णिमाका दिन मास, भटमास, केराउ, मुग, चना, सिमी, गुराँस र बोडी गरी नौ थरिका गेडागुडी मिसाएर बनाइएको क्वाँटी खाने चलन छ । खेतीपातीका क्रममा थकित शरीरमा शक्ति प्रदान गर्न टुसा उमारिएको पौष्टिक तत्वयुक्त क्वाँटी खाइनुले यसलाई प्रकृतिसम्मत पर्वका रूपमा पनि लिइन्छ ।

यता श्रावण शुक्ल पूर्णिमाका अवसरमा तागाधारीले आजका दिन बिहानै नजिकैको नदी, तलाउ तथा कुण्डमा स्नान गरी आफ्ना गुरुबाट मन्त्रिएको जनै धारण गर्ने गर्दछन् । हरेक वर्षको श्रावण शुक्ल पूर्णिमाका अवसरमा जनैपूर्णिमा पर्व मनाउने प्रचलन रहिआएको छ । यसै दिन आत्माको शुद्धीकरण र शरीरको रक्षाका लागि ब्राह्मण पुरोहितको हातबाट नाडीमा रक्षाबन्धन बाँध्ने प्रचलन रहेको छ ।

सत्ययुगमा दानवद्वारा लखेटिएका देवगणलाई गुरु वृहस्पतिले रक्षा विधान तयार गरी जोगाएका तथा वामनअवतार विष्णुले राजा बलिलाई डोरो बाँधी वचनबद्ध गराएर तीनै लोक लिएको धार्मिक किम्बदन्तीसँग पनि रक्षाबन्धनको सम्बन्ध जोडिएको छ ।

यसैगरी यस दिन देह शुद्ध गरी देवता, सप्तऋषि (कश्यप, अत्रि, भारद्वाज, गौतम, जमदग्नी, वशिष्ठ र विश्वामित्र) तथा पितृहरूको नाममा तिल, कुशसहित तर्पण गरिने भएकाले यस पर्वलाई ऋषितर्पणीका नामले पनि चिनिन्छ । ज्ञान र सफल जीवन मार्गको शिक्षा दीक्षा गर्ने ऋषिहरूको सम्मानमा ऋषि तर्पणी गरी अभिमन्त्रित जनै धारण गरेर धार्मिक तथा पवित्र कार्य सम्पादन गरिन्छ । शास्त्रीय मान्यताअनुसार विशेष गरी तागाधारी (ब्राह्मण, क्षेत्री, वैश्य) ले वर्ष दिन वेद पढ्नुपर्ने र त्यसको साङ्गे (समाप्ति)को दिनका रूपमा जनै पूर्णिमालाई लिइन्छ । यस दिन स्नान गरी सप्तऋषिसहित ब्रह्मा, विष्णु र महेश्वरको पूजा गरी जनै मन्त्रेर त्यसलाई धारण गर्ने प्रचलन छ ।

वैज्ञानिक दृष्टिबाट पनि जनै लगाउँदा मानिस झनै स्वस्थ रहने पत्ता लागेको छ,यसले हृदय रोगको सम्भावनालाई कम गर्छ, चिकित्सा विज्ञानका अनुसार दाँया कानको नशा अण्डकोष र गुप्तेन्द्रिय सँग जोडिएको हुन्छ ।

हिन्दु धर्ममा जनैको विशेष स्थान छ तर अब यसका वैज्ञानिक कारणबारे पनि खोज अनुसन्धान गरिएको छ । हिन्दु धर्मालम्बीहरुमा ब्रतबन्ध सस्कार गरिसकेका पुरुषहरुले काधमा लगाउने गरेको धागोलाई जनै भनेर भन्ने गरिन्छ, देख्दा धागो जस्तो भएता पनि यसभित्र बैदिक बिधान अनुरुप प्रतिष्ठा गरेर शक्तिशाली बनाइएको हुन्छ, धागोमा बिभिन्न देवताहरुको आराधना गरेर अभिमंत्रण गरि सकेपछी त्यो जनै वा यज्ञोपवित बन्दछ ।

शुध्द व्यक्तिले काटेको कपासको धागोलाई विधान पूर्वक बाटेर छुट्टै किसिमले गाठो पारिएको हुन्छ, त्यस गाठोलाई शिखा भन्ने गरिन्छ, एउटा जनै वा यज्ञोपवितमा ३ डोरा हुन्छ, त्यो ३ दोराभित्र पनि प्रत्येक डोरामा ९ वटा धागो हुन्छ जुन बेस्सरी बाटिएको हुँदा सजिलै नदेखिन पनि सक्छ, यसलाई बिस्तारै केलाएर हेरेमा मात्र देखिन्छ, जसलाई तन्तु भनिन्छ, यसरी निर्माण गरिएको २ वटा जनै भएपछि १ जोर या न कि १ जनै बन्छ र त्यसलाई जनै पूर्णिमाको दिनमा विधि पूर्वक अभिमंत्रण गरेर तन्तु देवता र शिखामा ब्रम्हा विष्णु र महेश्वरको पूजा गरि ब्रम्ह सुत्र बनाइन्छ र धारण गरिन्छ, विधिपूर्वक ब्रम्हसुत्र धारण गर्ने र ब्रम्ह कर्म गर्ने भएकोले पहिले देखिने ब्राह्मण भनेर नामकरण गरिएको हो ।

धार्मिक दृष्टिकोणबाट जनै धारण गर्नाले शरीर शुद्ध र पवित्र हुने मानिन्छ, जनै धारण गरेको व्यक्तिलाई कुनै पनि आसुरी शक्तिले आक्रमण गर्न सक्दैन । जुनसुकै धार्मिक कार्य गर्दा पनि पुरुषले जनै अनिवार्य धारण गरेको हुनु पर्दछ, बिना जनै गरिएको काम पुरा नहुने मात्र होइन, विपरीत फल समेत दिन सक्ने हुन्छ । यसलाई हिन्दु धर्मको एउटा अनुशासनको कडी मान्न पनि सकिन्छ ।

वैज्ञानिक दृष्टिबाट पनि जनै लगाउँदा मानिस झनै स्वस्थ रहने पत्ता लागेको छ, यसले हृदय रोगको सम्भावनालाई कम गर्छ, चिकित्सा विज्ञानका अनुसार दायाँ कानको नशा अण्डकोष र गुप्तेन्द्रियसँग जोडिएको हुन्छ । पिसाब फेर्ने समयमा दायाँ कानमा जनै राख्नाले शुक्रकिटको रक्षा हुनुको साथै बायाँ काँधमा जनै राखेर सुतेमा नराम्रो सपना देख्ने समस्याबाट मुक्ति मिल्दछ भने निन्द्रामा भुत प्रेत आदिबाट हुने ऐठन आदिको भयबाट पनि मुक्ति मिल्छ । काँधमा जनै लगाउनाले पेटसम्बन्धी रोग तथा रक्तचापको समस्याबाट बच्न सकिन्छ । यो पनि मानिन्छ कि शरीरको मध्यभागबाट पिठ्युँमा जाने एक प्राकृतिक रेखाले विद्युत् प्रवाहको काम गर्छ । यो रेखा दायाँ काँधबाट कम्मरसम्म फैलिएको हुन्छ, त्यसैले जनै लगाउनाले विद्युत् प्रवाह नियन्त्रित हुन्छ । जसको कारण काम-क्रोधमा नियन्त्रण राख्न सजिलो हुन्छ ।

हिन्दु दर्शनअनुसार जनैलाई ब्रह्मसूत्र अर्थात् ज्ञानको धागो पनि भनिन्छ । जनैका दुई शिखामध्ये एउटा शिखामा रहेका तीन डोरालाई ब्रह्मा, विष्णु र महेश्वर तथा अर्को शिखाको डोरालाई कर्म, उपासना र ज्ञानको प्रतिक मानिन्छ, सत्ययुगमा दानवद्वारा लखेटिएका देवगणलाई गुरु वृहस्पतिले रक्षा विधान तयार गरी जोगाएका तथा वामन अवतार विष्णुले राजा बलिलाई डोरो बाँधी वचनबद्ध गराएर तीनै लोक लिएको धार्मिक किम्वदन्तीसँग पनि रक्षाबन्धनको सम्बन्ध जोडिएको छ । यसैगरी यस दिन तन,मन,बचन र भाब शुद्ध गरी देवता,मनुष्य, सप्तऋषि (कश्यप, अत्रि, भारद्वाज, गौतम, जमदग्नि, वशिष्ठ र विश्वामित्र) तथा पितृहरूको नाममा तिल, कुशसहित तर्पण गरिने भएकाले यस पर्वलाई ऋषितर्पणीका नामले पनि चिनिन्छ ।

ज्ञान र सफल जीवन मार्गको शिक्षा दिक्षा गर्ने ऋषिहरूको सम्मानमा ऋषि तर्पणी गरी अभिमन्त्रित जनै धारण गरेर धार्मिक तथा पवित्र कार्य सम्पादन गरिन्छ, यज्ञोपवित धारण बैदिक विधानद्वारा संस्कारित द्विजहरुले गर्ने गर्दछन् भने अन्य सबै नारि पुरुषले डोरो वा रक्षाबन्धन धारण गर्ने गर्दछन्, रक्षाबन्धनको धारणले व्यक्तिलाई विविध किसिमका अफठ्यारो परेको बेलामा पनि रक्षा गर्नेछ भन्ने धार्मिक मान्यता र किम्बदन्तीहरु पाइन्छन् । रक्षाबन्धन अभिमंत्रित गरेर बाध्ने बेलामा पढिने मन्त्र यस प्रकार छ ।

*येनबद्धो बलिराजा दानवेन्द्रो महाबल ।*
*तेनत्वं प्रतिवध्नामी रक्षेमा चलमा चल ॥*

नेपाली भाषामा

*"सत्ययुगमा दानवद्वारा लखेटिएका देवगणलाई गुरु वृहस्पतिले रक्षा विधान तयार गरी अत्यन्त बलशाली दानवराज बलि बाँधिए, त्यसैले म तिमीलाई बाँध्छु, यसले तिमी सुरक्षित बन, विचलित नहोऊ"*

जनैमा प्रयुक्त हुने डोराग्रन्थ र शिखाले ज्ञान र जीवनबारे सही मार्गमा लैजान सहयोग गर्छन् । यी कर्महरू गर्ने व्यक्ति, देवऋण, ऋषीऋण (मनुष्य ऋण) र पितृऋणबाट मुक्त हुने धार्मिक विश्वास छ । दानवी शक्तिबाट रक्षीत हुनका लागि आजै रक्षा बन्धन धारण गर्ने गरिन्छ । जनैपूर्णिमाको दिन बाँधिएको रक्षाबन्धन गाइतिहारका दिन गाईको पुच्छरमा बाँधि दिएमा मृत्युपछि वैतरणी नदी पार हुने जनविश्वास छ ।

काठमाडौं उपत्यका र यसको प्रभाव परेका क्षेत्रमा बसोबास गर्ने नेवार समुदायमा भने यस पर्वलाई 'गुन्हु पुन्ही' भनी मास, भट्मास, मुग, ठूलो केराउ, सानो केराउ, चना, सीमी, र बोडी गरी नौ प्रकारको गेडागुडी मिसाई पकाएको क्वाटी खाएर मनाउने गर्दछन् । यस दिन रसुवा जिल्लामा पर्ने लाङ्टाङ्ग हिमालयको काखमा रहेको गोसाईकुण्डमा ठूलो मेला लाग्दछ । साथै गोसाइकुण्डबाटै पानी आइराखेको जनविश्वास रहेको पाटनको कुम्भेश्वरमा पनि ठूलो मेला लाग्दछ ।

रक्षाबन्धन धारणको विषयमा शास्त्र र व्यवहारमा केहि फरक मत देखिन्छ, शास्त्रको निर्णयअनुसार पुरुषले दायाँ हातमा र महिलाले बायाँ हातमा धारण गर्नु पर्दछ भनिएको छ, तर अहिले समानताको नाममा वा प्रसाद त दायाँ हातमा लगाउनु पर्दछ भन्ने मान्यता र यस्तै विविध मत मतान्तरको आधारमा सबैले दायाँ हातमा धारण गरेता पनि शास्त्रको निर्णय अवलम्बन गर्ने हो भने पुरुषले दायाँ र महिलाले बायाँ हातमा नै धारण गर्ने हो । केही कारणले जनैपूर्णिमामा अभिमन्त्रण गर्न सकिएन जनै र रक्षाबन्धन धारण गर्न बिध्न पर्यो भने अनन्त चतुर्दशीको दिनमा पनि गर्न सकिन्छ । हाम्रो धार्मिक कार्यहरु सबै व्यवहारिक र बिज्ञान सम्मत छन् त्यसलाई हामीले बुझ्न र प्रयोग गर्न सक्नुपर्दछ ।

**जनैपूर्णिमा र ऋषितर्पणीको महत्व** !

श्रावणशुक्ल पूर्णिमाको दिन मनाइने रक्षाबन्धनलाई जनैपूर्णिमा र यो पर्वलाई ऋषितर्पणी पनि भनिन्छ । ऋषिहरुले श्रावण महिनामा स्वाध्याय र यज्ञको पूर्णाहूति यसै तिथिमागर्ने गरेको हुनाले ऋषितर्पणी भनिएको हो । यो दिन सप्तऋषिहरु कश्यप, अत्रि, भरद्वाज, विश्वामित्र, गौतम, ज्यमदग्नी र वशिष्ठ आदिको पूजा, अर्चना गर्नुको साथै उहाँहरुलाई तर्पण पनि दिनु धार्मिक मान्यता रहेको छ ।

जनैपूर्णिमा सनातनी हिन्दू धर्मावलम्बीहरुले बिहानै नदी, तलाउमागई गाईको गोबर तथा तुलसीको मोठको माटोलगाई नुहाएर शुद्धभई वैदिक विधिपूवर्क मन्त्रिएको नयाँ जनै -यज्ञोपवित्र फेरेर जनैपूर्णिमा मनाइन्छ । हिन्दू दर्शन अनुसार जनैलाई 'ब्रह्मसूत्र' अर्थात् ज्ञानको धागो पनि भनिन्छ । जनैका दुई शिखामध्ये एउटा शिखामा रहेका तीन डोरालाई ब्रह्मा, विष्णु र महेश्वर तथा अर्को शिखाको डोरालाई कर्म, उपासना र ज्ञानका तीन योग मानिन्छन् । यस पर्वलाई ऋषि तर्पणी पनि भनिन्छ ।मूलतः हामीले धारण गर्ने जनैको आयु सरदर चार महिनाको हुन्छ । हाम्रा शास्त्र अनुसार ' सूतके मृतके चैव गते मासचतुष्टये ।

नव यज्ञोपवीतानि धृत्वा जीर्णानि संत्यजेत् ॥' अर्थात् सूतक र मृतक आशौच वा चार महिना बितेको कारण तिम्रो मिति गुज्रियो अतः म अब नयाँ यज्ञोपवीत धारणा गर्दछु । नयाँ जनै पहिरिंदा यो श्लोक पढ्नु पर्दछ –'यज्ञो-पवीतं परमम् पवित्रम् , प्रजापतेर्यत् सहजं पुरस्तात् । आयुष्यमग्र्यम् प्रतिमुञ्च शुभ्रम् , यज्ञोपवीतं बलमस्तु तेजः ॥ ' अर्थात् जनै अत्यन्त प्राकृत र पवित्र वस्तु हो, यो सृष्टिकर्तासँगै जन्मिएको हुँदा यसलाई धारण गर्नाले आयु , बुद्धि, तेज र बलको श्रीवृद्धि हुन्छ । त्यसैगरी ब्रह्मचर्याश्रम, गृहस्थाश्रम र वानप्रस्थ आश्रमको बेला यसको धारणा अनिवार्य हुन्छ भनेर जनाउ दिन पनि तीन तीन डोरा बनाइएको हो । जनैमा पाँचवटा ग्रन्थी वा शिखा बनाइएको हुन्छ । ती गाँठाहरुले पञ्च महायज्ञलाई लक्ष्य गरेका हुन् भने हामी प्राणीहरुको रचनामा पृथ्वी, पानी, तेज, हावा र आकाशका पञ्चतत्वलाई सङ्केत गरेको प्रतीत पनि हुन्छ ।

देवऋण, पितृऋण , ऋषिऋण र पाँच यज्ञलाई हृदयतः यज्ञोपवीत्र धारीले स्वीकार गर्दछन् । मान्छेको शरीरमा मुटु बायाँ भागमा भएको हुँदा यो ब्रह्मसूत्र पनि बायाँ काँधपट्टिबाट धारणगरी दाँयापटि झारिन्छ । यसरी हाम्रो केन्द्र भागलाई सन्तुलित र सुरक्षित गराउन यो संयम-सूत्रलाई यसरी लगाउने प्रचलन गरेको हो । शौचको समय जनैलाई दक्षिणपट्टिको कानमा सिउरिनु पर्दछ । यो कुरालाई वैखानस धर्म प्रश्न, बौधायन गृहसूत्र र याज्ञवल्क्यस्मृतिले आ-आफ्ना प्रकरणमा बताएका छन् । कानमा सिउरिनु पर्ने कुरालाई मनु यसरी स्पस्ट पार्दछन् 'ऊर्ध्वं नाभेर्मेध्यतरः पुरुषः परिकीर्तितः' अर्थात् पुरुष नाभिभन्दा माथि पवित्र हुन्छ । नाभिभन्दा तल्लो भाग मलमूत्रधारक अङ्ग भएकोले यो अपवित्र हुन गएकैले जनैको शुद्धता जोगाउन यो उपाय गरिएको हो । अनि अर्को कुरा कान अत्यन्त पवित्र ज्ञानको भण्डार पनि हो । हाम्रो शरीर पार्थिव इन्द्रिय नाक हो भने जलीय इन्द्रिय जिब्रो , तेजस इन्द्रिय आँखा वायव्य इन्द्रिय छाला र आकाशीय इन्द्रिय कान हो । अरु इन्द्रियहरु अपवित्र हुन्छन्, तर आकाशीय इन्द्रिय कान कहिल्यै अशुध्द हुँदैन । त्यसले जनै मल, मुत्रगर्दा कानमा जनै हाल्नुपर्दछ ।

**जनै**

पौराणिक मान्यताअनुसार रक्षाबन्धनको सम्बन्ध दानवी शक्तिबाट लखेटिएका देवताहरूलाई इन्द्रका गुरु बृहस्पतीद्वारा रक्षाबन्धन तयार गरी जोगाएको र वानम अवतार विष्णुद्वारा दैत्यराज बलिलाई वचनबद्ध गराई तीनै लोक प्राप्त गरेको स्मृतिसँग जनै पूर्णिमाको महत्व छ । जनै पूर्णिमामा बाँधिएको डोरी गाई तिहारको दिन गाईको पुच्छरमा बाँधिए मृत्युपछि वैतरणी नदी पार हुने मान्यता छ । आजकै दिन भगवान् गौतमबुद्धले कामशक्तिमाथि विजय प्राप्त गरेका थिए भनेर बौद्ध ग्रन्थ 'ललितविस्तार' मा उल्लेख गरिएको पाइन्छ ।

*'येन बद्धो बली राजा दानवेन्द्रो महाबलः।*
*तेन त्वामनुबध्नामि रक्षे मा चल मा चल ।'*

यी मन्त्रहरु जप्दै रक्षाशुत्र लगाउने र बाँध्ने काम गरिन्छ । उक्त मन्त्रको अर्थ हो, जुन रक्षा सूत्रले बाँधेर शुक्राचार्यले महाबलि राजाको रक्षा गरेका थिए, उही सूत्र 'धागोले' म तिमीलाई बाँधेर तिम्रो रक्षाको कामना गर्छु ।

रक्षाबन्धनको सुरुवात कहाँ र कहिलेबाट भयो यकिन प्रमाण भेटिँदैन । अड्कल लगाउँदा यसको जन्म पुरुषको रक्षा भावाले भएको हो भन्न सकिन्छ । ऋग्वेद (दशम मंडल) का अनुसार शची (इन्द्राणी) ले देवगुरु बृहस्पतिको सल्लाअनुसार ईन्द्रको हातमा बाँधेर लडाइँमा गएकाले विजय प्राप्त गरेको भनाइ पाइन्छ । भविष्य पुराणका अनुसार ईन्द्र असुरसँग पराजित भएर स्वर्ग छोडेर भाग्नुपर्ने स्थिति आयो । त्यस बखत उनी आत्तिएर त्रिदेवका शरण पुगे । त्रिदेवले मद्धतगर्न नसक्ने बताएपछि पार्वतीको शरणमा पुगे । पार्वतीले दैवीशक्ति संयुक्त रक्षासूत्र इन्द्रको हातमा बाँधिदिएपछि दैत्यहरूलाई पराजित गरे । वामन पुराणमा राजा बलिलाई विष्णुले पैतालाले पातालमा पुर्‍याएको कथा पाइन्छ । भागवतमा यशोदाले दुष्ट आत्माबाट कृष्णलाई बचाउन रक्षासूत्र बाँधेको उल्लेख छ । महाभारतमा कृष्णको औँलामा चोट लागेर रगत नरोकिएपछि द्रौपदीले आप्नो साडीको किनार च्यातेर बाँधेपछि रगत रोकिएपछि खुसी भएर के बर माग्छ्यौ मागभन्दा समय आएपछि माग्नेछु भनेकी थिइन् । त्यो चीरहणका बेला कृष्णले साडी दिएर लाज बचाएको इतिहास पाइन्छ ।

वास्तवमा यस संसारमा दुई थरी बन्धन हुन्छन्, मानिसलाई एक ईश्वरीय अर्को सांसारिक बन्धनले दुःख दिन्छन् । यो सांसारिक बन्धनबाट मुक्त हुन मानिस महात्माकहाँ गएर प्रश्न गर्छन् । हामीले ईश्वरको स्वरूपमा मनलाई कसरी जोड्ने रक्षाबन्धन केबल सांसारिक बन्धनबाट नारी जातिको रक्षाका लागि मात्र होइन, नर तथा नारी दुवैले रक्षाबन्धन बाँधेर पवित्रताको व्रत धारण अन्य मानव आत्मालाई पनि कल्याणकारी बन्धनमा बाँध्नु यसको सार्थकता हो । रक्षाबनधन केबल शारीरिक रक्षाका लागि मात्र होइन, सबै मनुष्यलाई मन, वचन र कर्ममा पवित्र रहने भन्ने भनाइ पाइन्छ । जब जीवनमा पवित्रताको धारण हुन्छ तब जीवन, परिवारमा, समाजमा विश्वमा सच्चा सुख तथा शान्ति मिल्छ । वास्तवमा रक्षा बन्धनलाई सबै मानवको रक्षाको रुपमा लिइन्छ ।

आज संसारमा मानिसलाई पाँच प्रकाका रक्षाको आवश्यकता देखिन्छ । पहिलो सुरक्षा तनको रक्षा अन्तिम दिन आइसकेपछि कसैले पनि कसैले पनि मृत्युलाई रोक्न सक्दैन ।

दोस्रो रक्षा धर्म हो । दुःख परेको बेला मलाई सहायता गर्नुहोस् भनेर वर माग्नु हो । तेस्रो कालको भयबाट मुक्त हुनु हो । मानिस स्वयं नै कालको अधिनमा छ । कसैलाई पनि कालले छाड्दैन । अमर कोही छैन । कालका पनि महाकाल महाकालेश्वर शिवको मृत्युन्जयको पाठ गर्छन् । चौथो प्रकारको रक्षा सांसारिक अपवाद, पारिवारिक संकटबाट रक्षा । पाँचौं रक्षा मायाको विघ्नबाट रक्षा । वास्तवमा सूत्र बाँध्नु संकल्प गर्नु नेपाली संस्कृतिमा दृढ प्रतिज्ञा गर्नुको प्रतीक हो ।

यो पर्व हिन्दूहरूको मात्र नभई सबै मानवको कल्याणका लागि हो । रक्षाबन्धनको अर्थ आप्नो रक्षाका लागि बाँध्नु । आपत्ति अथवा आयु, आरोग्य वृद्धिकोलागि रक्षाबन्धन बाँधिन्छ । भगवान् कृष्ण गीतामा भनेका भन्नुहुन्छ । 'मयि सर्वमिदं प्रोतं सूत्रे मणिगणा इव' अर्थात् 'सूत्र' अविच्छिन्नताको प्रतीक हो । 'सूत्र' धागो भिन्नभिन्न फूल, मोतीलाई एउटै मालामा समाहित गर्छ । आफन्तलाई जोड्छ । जब संसारमा नैतिक मूल्यको ह्रास हुन्छ । तब भगवानद्वारा धर्तीमा पवित्र धागो पठाउनुहुन्छ ।

यो दिन क्वाँटी खाने पनि चलन छ । किनकि हाम्रो देश नेपालका कृषकहरुको सन्दर्भमा खेतीको काम साउनमा सकिने भएकाले वर्षायाममा हिलोमा खेल्दा शरीरमा चिसो पस्ने भएकाले त्यसबाट शरीरलाई मुक्ति दिलाउन पनि क्वाँटी खाने गरिन्छ । यो खानाले शरीरमा ओज, तेज, शक्ति प्राप्त भै शरीरमा शक्तिको सञ्चय हुनेछ ।

# कालिकामा शुभकामना तथा बिदाई

बुटवल । बुटवल १० कालिकानरमा रहेको कालिका मानवज्ञान मावि मा कक्षा १२ उत्तीर्ण गरेका सम्पूर्ण विद्यार्थीहरुलाई बधाई शुभकामना तथा बिदाई कार्यक्रम गरिएको छ ।

हालै मात्रै सार्वजनिक भएको कक्षा १२ को परीक्षामा सामुदायिक विद्यालयतर्फ देशमै सबैभन्दा बढी विद्यार्थी उत्तीर्ण गराउन सफल विद्यालयले उत्कृष्ट नतिजा ल्याउने शिक्षकहरुलाई समेत सम्मान गरेको छ । शुक्रबार बुटवल १० रामनगरमा रहेको बुटवल कालिका क्याम्पस सभाहलमा आयोजना गरिएको कक्षा १२ को परीक्षमा उत्कृष्ठ जीपीए ल्याउनेसहित सम्पूर्ण विद्यार्थीलाई बधाईसहित सम्मान गरिएको हो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नित्यानन्द ज्ञवालीको अध्यक्षतामा भएको कार्यक्रममा राष्ट्रिय परीक्षा बोर्ड लुम्बिनी प्रदेश कार्यालय प्रमुख रमाकान्त तिवारीको प्रमुख आतिथ्यता, वडा नम्बर १० का अध्यक्ष बलबहादुर पुन, विद्यालयका प्रमुख शैक्षिक सल्लाहकार तथा पूर्व प्रधानाध्यापक, बुटवल कालिका क्याम्पसका क्याम्प प्रमुख घनश्याम पाठक, अभिभावक संघ रूपन्देहीका अध्यक्ष लोकनाथ ज्ञवालीको विशिष्ठ आतिथ्यता रहेको थियो ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि तिवारीले रुपन्देहीले देशकै शैक्षिक नेतृत्व गर्ने ल्याकत राख्न सफल भएको बताएका थिए ।

बुटवल कालिका क्याम्पसका प्रमुख तथा कालिका मानवज्ञान माविका सल्लाहकार समिति संयोजक घनश्याम पाठकले विद्यार्थीहको मिहिनेत, शिक्षक तथा कर्मचारी र अभिभावको परिश्रमबाट अहिलेको नतिजा आएको भन्दै यसको लागि सबै बधाई पात्र भएको बताएका थिए ।

विद्यालयका शिक्षक अभिभावक संघका अध्यक्ष केशवराज पोखरेलको स्वागत रहेको कार्यक्रममा विद्यालयका प्राचार्य दिनेश थापाले करिब ९२ प्रतिशत विद्यार्थी उत्तीर्ण गराउन सफल कालिका मानवज्ञान माविका कर्मठ शिक्षक हरूलाई धन्यवादसहित विद्यार्थीहरूलाई बधाई तथा शुभकामना दिएका थिए ।

कार्यक्रममा विद्यालयका पूर्व अध्यक्ष एवं वर्तमान सल्लाहकार समिति सदस्य साथै बुटवल कालिका क्याम्पसका अध्यक्ष होमबहादुर गलामीसहितहले बधाई तथा शुभकामना मन्तव्य राखेका थिए ।

विद्यालयका अतिरिक्त क्रियाकलाप संयोजक विवेकराज पोख्रेलको सञ्चालनमा भएको कार्यक्रममा विद्यार्थीहरूले विभिन्न सांस्कृतिक प्रस्तुति, गायन, नृत्य र कविताावाचन समेत गरेका थिए । ३.९ जीपीए भन्दामाथि ल्याउने १० जना विद्यार्थीहरु र विभिन्न समूहमा सर्वोत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरूलाई विशेष सम्मान गरिएको थियो साथै कक्षा १२ उत्तीर्ण सबै विद्यार्थीहरूलाई हार्दिक बधाई तथा समुज्जल भविष्यको शुभकामनासहित सम्मान गरिएको थियो ।

# अर्घाखाँचीमा तीन हजार ११८ हेक्टर जमिनमा सिँचाइ सुविधा

अर्घाखाँची । जिल्लामा तीन हजार ११८ हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको छ । जिल्लामा आठ हजार ५४४ हेक्टर सिँचाइ योग्य जमिन रहेकामा ३६ दशमलव ४९ प्रतिशत जमिनमा सिँचाइ सुविधा पुगेको हो ।

जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय अर्घाखाँचीका डिभिजन प्रमुख भेषराज भुसालले जिल्लामा २१ हजार २४७ हेक्टर जमिनमा खेती गरिँदै आइएको जानकारी दिए । सोमध्ये आठ हजार ५४४ हेक्टर सिँचाइयोग्य जमिन रहेकामा तीन हजार ११८ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको उनले बताए ।

जिल्लास्थित जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयद्वारा आयोजित वार्षिक प्रगति समीक्षामा डिभिजन प्रमुख भुसालले एक वर्षको अवधिमा १२३ वटा सिँचाइका आयोजना सम्पन्न भएका जानकारी दिए । उनका अनुसार गत आव २०८१/८२ मा जिल्लाभरमा रहेका १३३ मध्ये १२३ वटा आयोजना सम्पन्न भएका, दुई वटा कार्यान्वयको चरणमा रहेका र आठ वटा मापदण्डअनुसार नभएकाले ती आयोजनामा काम गरिएको छैन ।

गत आवमा कार्यालयको कूल बजेट १६ करोड ७५ लाखमध्ये १४ करोड ४९ लाख ४५ हजार खर्च गरी भौतिक प्रगति ९७ दशमलव ९९ प्रतिशत र वित्तिय प्रगति ८६ दशमलव ५३ प्रतिशत रहेको कार्यालयका लेखापाल शिवहरि खनालले बताए ।

**आवश्यक कागजात हराएको सूचना**

मेरो निम्न विवरण भएको फार्मेसी दर्ता प्रमाणपत्र यही मिति २०८२।०४।१५ गते बुटवलदेखि मणिग्राम जाँदै गर्दा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला ।

| | |
|---|---|
| नामः- | असु अर्याल |
| ठेगानाः- | ति.न.पा.-८, दीपनगर |
| दर्ता नं. :- | G7464 |
| जारी भएको मितिः- | 22-06-2025 |
| सम्पर्क नं.:- | ९८४७०६७९२९ |

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# उत्कृष्ट नतिजा ल्याएका विद्यार्थीलाई दीप बोर्डिङको सम्मान



बुटवल। बुटवल ८ सुख्खानगरमा रहेको दीप बोर्डिङ हाइ स्कुलले हालै प्रकाशित कक्षा १२ को नतिजामा सर्वोत्कृष्ट नतिजा ल्याएको दावी गरेको छ। कक्षा १२ को नतिजामा ३.९६ जीपीएसहित उत्कृष्टता हासिल गरेको पत्रकार भेटघाटमार्फत् जानकारी गराएको हो।

परीक्षामा १७८ जना विद्यार्थी सहभागी रहेको र नतिजा राम्रो ल्याउन सफल भएको तथा ३.९६ जीपीए ल्याउने विद्यार्थी सञ्जोग राज भण्डारी नेपाल प्रथम तथा ३.९५ जीपीए ल्याउने उत्सव राज भट्टराई नेपाल द्वितीय बनेको प्राचार्य टिकाराम न्यौपानेले दाबी गरे।

बुटवलको दीप बोर्डिङ हाइ स्कुल स्थापनाकालदेखि ४५ वर्षसम्म निरन्तर देशकै उत्कृष्ट नतिजा हासिल गरी अब्बल रहेको बताउँदै उनले ०८१ को एसईईमा सक्रिना कुँवर र सुधांसु शेखर झालेसमेत ४ जीपीए प्राप्त गरी अन्य विद्यार्थी समेत उत्कृष्ट जीपीए ल्याई देशकै अब्बल विद्यालयको रूपमा रहन गएको जनाए।

फागुन ५ गते विद्यालयको ४५औं वार्षिकोत्सवमा पुरस्कृत गरिने विद्यालयका अध्यक्ष राजेन्द्र ध्वजूले बताए।

उनले दीपका विद्यार्थी डाक्टर, इञ्जिनियर, सचिव, शिक्षक, विभिन्न क्षेत्रमा कार्यकारी भूमिकामा अब्बल रहेको बताए। उनले विद्यालय परिवार, विद्यार्थी र अभिभावकको अथक मेहनतले विद्यालयले उत्कृष्ट नतिजा हासिल गरेको बताए।

विद्यालयले अध्ययनसँगै व्यावहारिक शिक्षा पनि प्रदान गर्दै आएको छ। दीप बोर्डिङमा रूपन्देही मात्र नभएर देशका विभिन्न स्थानहरूबाट विद्यार्थीहरु अध्ययनका लागि आउने गरेको विद्यालयले जनाएको छ।

विद्यालयले शैक्षिक उत्कृष्टता, गुणस्तरीय शिक्षण र विद्यार्थीको समर्पणले सफलता हासिल गरेको र आगामी समयमा पनि उत्कृष्टता हासिल गर्ने गरी अगाडि बढेको विद्यालयका सह-प्राचार्य कलाधर अर्यालले जानकारी दिए।

शिक्षकहरू पुरुषोत्तम पाण्डे तथा सन्दिप पटेलले प्ले ग्रुपदेखि कक्षा १२ सम्म विद्यालय हरेक हिसाबले अब्बल रहेको धारणा राखेका थिए।

# दुर्घटनालाई मध्यनजर गर्दै राहत कोष




नवलपरासी। सामुदायिक विद्यालयमा हुने सम्भावित दुर्घटनाको जोखिमलाई मध्यनजर गर्दै पश्चिम नवलपरासीको बर्दघाट नगरपालिकाले विद्यार्थी राहत कोष स्थापना गरेको छ। आर्थिक वर्ष ०८२/०८३ को बजेटमा समावेश गरी दश लाखको राहत कोष स्थापना गरिएको हो।

उक्त कोषबाट विद्यालय समयमा कुनै पनि विद्यार्थीलाई चोटपटक लागेमा सम्बन्धित विद्यालयको सिफारिसमा उपचार खर्च बापत अधिकतम रु एक लाखसम्मको सहयोग उपलब्ध गराइने नगरप्रमुख शम्भुलाल श्रेष्ठले जानकारी दिएका छन्।

नगरपालिकाले स्थापना गरेको राहत कोषबाट विपन्न अभिभावकलाई राहत मिल्ने नगरप्रमुख श्रेष्ठको भनाइ छ। यस्तै नगरपालिकाले अपाङ्ग, अति विपन्न, जेष्ठ नागरिक र सूचीकृत किसानहरुलाई समेत नगरभित्र रहेका दुईवटा अस्पतालमा स्वास्थ परीक्षण निःशुल्क गरेको उनले बताए।

उनीहरुलाई सम्पूर्ण ल्याब परीक्षण समेत निःशुल्क गरिएको छ। नगरभित्र रहेका चिसापानी अस्पताल र सहिद स्मृति सामुदायिक अस्पताल चौपत्ताबाट अपाङ्ग, अति विपन्न, जेष्ठ नागरिक र सूचीकृत किसानहरुले उक्त सेवा लिन सक्नेछन्। यसका लागि नगरपालिकाले नगर परिषद्बाट १५ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ।

नगरपालिकाले मोतियाबिन्दु भएका नागरिकहरुका लागि समेत निःशुल्क शल्यक्रियाको व्यवस्था गर्दै आएको छ। सदरमुकाम परासीमा रहेको विनोद निता कंडेल आँखा अस्पतालमा शल्यक्रियाका लागि सम्बन्धित वडा कार्यालयको सिफारिसका आधारमा शल्यक्रिया निःशुल्क हुने छ। यसका लागि नगरपालिकाले रु ५ लाख रुपैयाँ विनियोजन गरेको छ। जेष्ठ नागरिकहरू यस सेवाबाट बढी लाभान्वित हुने गरेका छन्।

# जनउत्थानले पायो एक्सेस सिल्भर ब्राण्ड




भैरहवा। रुपन्देहीको तिलोत्तमा-१५ कोटिहवामा अवस्थित जनउत्थान बचत तथा ऋण सहकारी संस्थाले एक्सेस सिल्भर ब्राण्ड प्राप्त गरेको छ।

एशियाली ऋण महासंघले २०२५ अगस्ट ७ मा गरेको लेखापरीक्षणबाट विभिन्न ४ वटा आयामहरुमा उत्कृष्ट अंक ल्याउँदै सिल्भर ब्राण्ड पाएको हो। आर्थिक वर्ष २०८१/०८२ को वार्षिक लेखा परीक्षण प्रतिवेदनअनुसार वित्तीय, सदस्य सेवा, आन्तरिक व्यवसायीकरण तथा सिकाइ र वृद्धिको अवस्थालाई सुक्ष्म विश्लेषण र परीक्षण गरी एसियास्तरीय गुणस्तर सुनिश्चिता एक्सेस सिल्भर ब्राण्ड प्रदान गरेको संस्थाले जनाएको छ।

ब्राण्ड पाउनुमा जनउत्थान नेपालकै एक मात्र सहकारी हो भने एसियाको दोस्रो हो। विशेष गरि सीमान्तकृत समुदाय र युवा उद्यमीहरुलाई साना व्यवसाय सुरु गर्न र आर्थिक गतिविधिहरुमा संलग्न हुन सशक्त बनाउने नवीन वित्तीय समाधान समेत प्रवाह गर्दै आइरहेको जनउत्थान साकोस सहकारी अभियानको एक रोल मोडल हो। त्यसैगरी इन्डोनेसियाबाट सौन सिबारुङ क्रेडिट युनियनले पनि यस वर्ष को एक्सेस ब्राण्ड प्राप्त गरेको जनउत्थान बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष गिरी पुनले जानकारी दिए। पुनका अनुसार यो अवार्ड नेपालबाट पाउने एक मात्र सहकारी हो भने एशियाभरबाट दुईवटा सहकारीले मात्र एक्सेस ब्राण्ड प्राप्त गरेका छन्। यसअघि पनि जनउत्थानले कास्य (ब्रोन्च) अवार्ड पाएको थियो।

एशियाली ऋण महासंघले यही २०२५ सेप्टेम्बरको १२ तारिखमा फिलिपिन्सको मनिलामा आयोजना हुने एशियाली क्रेडिट युनियन फोरम २०२५ को उद्घाटन समारोहमा एक्सेस ब्राण्डको प्रमाणपत्र प्रदान गर्ने छ।

सहकारीको २०८२ असार मसान्तसम्मको अवस्थामा कुल सम्पत्ति ४ अर्ब ४४ करोड, शेयर पुँजी २८ करोड ४३ लाख, बचत संकलन ३ अर्ब ४४ करोड, ऋण लगानी ३ अर्ब ३३ करोड रहेको छ।

३९ हजार २ सय ३७ सदस्य रहेको संस्थामा जगेडा कोष ४० करोड ४७ लाख, कर्जा जोखिम कोष १२ करोड ५० लाख, तरलता ९० करोड ९३ लाख रहेको छ। जनउत्थानलाई बुझेर एक वर्षमा ४ हजार ९६ सदस्य थपिएको प्रमुख कार्यकारी अधिकृत रनबहादुर थापाले बताए। यस आर्थिक वर्षको दुई सातामा मात्रै ३ सय ५२ जना सदस्य थपिएका छन्। संस्थाको उत्कृष्टताले नै विभिन्न अवार्डहरु पाउँदै आएका छौं, यो अवार्डले थप जिम्मेवारी बोध गराएको बताउँदै नेपालका ३० हजार सहकारीमध्ये जनउत्थान अग्रपंक्तिमा रहेको समेत उनले बताए।

संस्थाको कुल बचतमध्ये नियमित मासिक बचतको हिस्सा ४४ प्रतिशत (१ अर्ब ५१ करोड) रहेको छ।

त्यसैगरी धन सिर्जना गर्ने बचतको हिस्सा १५ प्रतिशत, आवधिक बचतको हिस्सा १८ र चालु बचतको हिस्सा २३ प्रतिशत रहेको। संस्थाले प्रति सदस्य ३ लाखदेखि ५० लाखसम्म ऋण लगानी गर्ने गरेको छ।

जसमध्ये ८ हजार अर्थात ७४ प्रतिशत ऋणी ३ लाख मुनिको दायरामा रहेका छन्। १३४ जना सदस्यले मात्र ५० लाख सम्मको ऋण लिएका छन्।

# अन्तरपालिका न्यायिक सञ्जाल गठन



बुटवल। रुपन्देहीका उप-प्रमुख र उपाध्यक्षले पछिल्लो पटक संजाल गठन गरेर अनुभव र सिकाइ आदानप्रदान थालेका छन्। त्यही अन्तरपालिका न्यायिक सञ्जाल रुपन्देही र बुटवल उप-महानगरपालिकाले कार्यक्रम आयोजना गरेका थिए।

कार्यक्रममा रुपन्देहीका १६ मध्ये ११ स्थानीय तहका उप-प्रमुख तथा उपाध्यक्षहरुले आफूले गरेका क्रियाकालापहरु प्रस्तुत गरेका थिए।

कार्यक्रममा बोल्दै बुटवल उप-महानगर उप-प्रमुख सावित्रा अर्यालले स्थानीय तहका उपप्रमुख र उपाध्यक्षको कामलाई प्रभावकारी बनाउन सञ्जाल सक्रिय रहेको बताइन। "रुपन्देहीभित्र पनि स्थानीय तह पिच्छेको वातावरण र काम गराइको तरीका फरक छ," उनले भनिन्-"सञ्जालले राम्रो काम गरेका स्थानीय तहको सिको गर्ने र समस्या भएकालाई सिकाउने काम पनि गर्ने छ।"

अर्याल स्थानीय तहका उप-प्रमुख र उपाध्यक्ष न्यायिक समिति, योजना तर्जुमा, बजेट निर्माण, र राजस्व अनुगमन समितिको संयोजक पनि हुन्।

तिलोत्तमा नगरपालिकाका उप-प्रमुख जगेश्वरदेवी चौधरीले सञ्जालमार्फत् स्थानीय तहका उपप्रमुख र उपाध्यक्षलाई अधिकारअनुसार भूमिका दिन र भूमिका अनुसार नतिजा निकाल्न पैरवी समेत गरेको बताइन्।

देवदह नगरपालिका उप-प्रमुख विद्यालक्ष्मी गुरुङले न्याय निरुपणलाई प्रभावकारी बनाउन मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धिमा ध्यान दिएको बताइन्।

सैनामैना नगरपालिका उपप्रमुख विना रानाले न्यायिक समितिमा उजुरी दर्ता गरेपछि सम्बन्धित वडामा मेलमिलाप र छलफलका लागि घटना पठाउने गरेको जानकारी गराइन्।

सिद्धार्थनगर नगरपालिकाका उपप्रमुख उमा अधिकारीले कतिपय पीडित महिलाहरु मौखिक उजुरी लिएर आउने र आफ्ना पति वा घरपरिवारलाई हिंसा नगर्न सम्झाउन आग्रह गर्ने बताइन्।

लुम्बिनी साँस्कृतिक नगरपालिका उप-प्रमुख कल्पना हरिजनले स्थानीय वासिन्दाको उप-प्रमुखप्रति सबै कुराको न्याय पाइन्छ भन्ने विश्वाशले अधिकार क्षेत्रका उजुरी पनि धेरै आउने जनाइन्।

कञ्चन गाउँपालिकाका उपाध्यक्ष मौसमी थापा र शुद्धोधन गाउँपालिकाका उपाध्यक्ष शान्तादेवी ज्ञवालीले न्यायिक समितिमा धेरै जग्गा विवाद र सांधकिलाबारेका उजुरी आउने बताइन्। ओमसतिया गाउँपालिका उपाध्यक्ष सुनिता चौधरीले विवादित पक्षले मेलमिलापकर्ताभन्दा न्यायिक समिति संयोजकबाट नै घटना मिलाइदिन आशा राख्दा धेरै कार्यबोझ भएको उल्लेख गरिन्।

कार्यक्रममा न्याय सम्पादनमा उप-प्रमुख वा उपाध्यक्षले गरेका अभ्यास र क्रियाकलापहरुलाई प्रस्तुत गरिएको थियो।

स्थानीय तहमा न्यायिक समितिमार्फत् हुने न्याय सम्पादनमा देखिने समस्या र चुनौती हटाउन पनि एकसाथ काम गर्ने उनीहरुले लक्ष्यका साथ सञ्जालले अन्तरक्रियात्मक समन्वयात्मक कार्यक्रम आयोजना गरेको हो।

छलफलमा एक पालिकाका राम्रा अभ्यासलाई अर्कोले कसरी सिक्ने र चुनौतीलाई कसरी चिर्ने भन्नेबारे पनि छलफल भएको थियो। बुटवल उप-महानगरमा आयोजित कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत मीत्रमणी खनालले शब्दद्वारा स्वागत गरेका थिए भने प्रमुख खेलराज पाण्डेयले स्वागत गरेका थिए। कार्यक्रममा बोल्दै प्रमुख अतिथिसमेत रहेका बुटवल उप-महानगर प्रमुख पाण्डेयले प्रभावकारी कामका लागि उपाध्यक्ष र उपप्रमुखले गर्ने काममा आफ्नो सधैँ साथ रहने बताए।

सञ्जालको बैठकले बहुविवाह गर्न पाउनेगरी संघीय सरकारले ल्याउन लागेको विवाह मस्यौदा सच्चाउन माग गर्दै प्रमुख जिल्ला अधिकारीमार्फत् ज्ञापन पत्र बुझाउने निर्णय समेत गरेको छ।

# राप्ती नदीमा आपत्कालीन तटबन्ध निर्माण



बाँके। "वर्षा लाग्नु पहिले हामीलाई गाउँ डुबान हुने डरले सताउँथ्यो। तर यस पटक नदीमा आपत्कालीन तटबन्ध निर्माण गरेपछि हामी ढुक्क भएका छौँ।"-यो भनाइ हो नरैनापुरका झिंगदेव वर्माको। उमेरले छ दशक नाघेका झिंगदेवले राप्ती नदीमा आएको बाढीले कैयौं बस्ती बगाएको देखेका छन्।

विगत सम्झँदै उनले भने-"बाढीले कति पटक त हामीलाई उठीबास नै गराएको छ। मुखैमा आएको चाडबाडमा हामी घरबारविहीन भएका छौँ, बुढेसकालमै भए पनि नदीमा आपत्कालीन तटबन्ध निर्माण गरेको देख्दा खुसी लागेको छ।"

सोही गाउँका रामप्यारी यादवले पनि यस वर्ष आफूहरुलाई बाढीले क्षति नपुऱ्याउनेमा ढुक्क भएको बताए। "प्रत्येक वर्ष हामीलाई नदीकै चिन्ता हुन्थ्यो। कतिबेला नदीको बहाव ह्वात्तै बढ्छ र हामीलाई विचल्ली बनाउँछ भनेर। तर यो वर्ष आपत्कालीन तटबन्ध निर्माण भएपछि खासै चिन्ता लागेको छैन।"-उनले भने।

रामप्यारीका अनुसार बाढीले सबैभन्दा बढी महिला, बालबालिका, ज्येष्ठ नागरिक र गर्भवतीलाई प्रभावित बनाउँथ्यो।

राप्ती नदी आसपासका गाउँलाई बाढीबाट जोगाउन यस वर्ष आपत्कालीन तटबन्ध निर्माण गरिएको छ। तटबन्धन निर्माणपछि बाँकेको उच्च जोखिममा रहेका राप्तीसोनारी र नरैनापुर गाउँपालिकाका एक दर्जन गाउँबस्ती खतरामुक्त भएका छन्।

आपत्कालीन तटबन्धका कारण राप्ती नदीले धार परिवर्तन गरेकाले तत्काललाई जोखिम टरेको हो। यसले तटीय क्षेत्रका गाउँबस्तीमा राहत मिलेको छ। दुई वर्षअघि राप्ती नदीमा आएको बाढीले पक्की तटबन्ध बगाएपछि बजेट अभाव देखाउँदै नयाँ तटबन्ध निर्माण हुन सकेको थिएन। जसले गर्दा वरिपरिका करिब एक दर्जन गाउँबस्ती डुबानको उच्च जोखिममा थिए।

'जनताको तटबन्ध कार्यक्रम' लमही दाङले कटान रोक्न सिमेन्टको पोल, बाँस, बालुवा भरिएका प्लास्टिकका बोरा तथा जाली प्रयोग गरी नयाँ प्रविधिको माध्यमबाट ४०० मिटर लामो आपत्कालीन तटबन्ध निर्माण गरेको हो।

आयोजना प्रमुख डा.नारायण सुवेदीले दिनरात काम गरेर छोटो समयमै काम सकिएको बताए। दुई वर्षदेखि माग गर्दै आए पनि सुनुवाइ नभएको तर हाल जनताको तटबन्ध कार्यक्रमले दुई महिनामा अस्थायी तटबन्ध बनाइदिएपछि स्थानीयमा त्रास हटेको उनको भनाइ छ।

उक्त गाउँपालिकाको खल्ला झगडिया गाउँमा खल्लाझगडियामा आपत्कालीन तटबन्ध निर्माण सकिएपछि नदीको धार परिवर्तन भई कटान रोकिने स्थानीयहरुको विश्वास छ। राप्तीसोनारी-७ का स्थानीय दीपनारायण बर्माले यस वर्ष कटान रोकिने विश्वास व्यक्त गरे।

राप्तीसोनारी वडा नम्बर ६ का वडाध्यक्ष लवराज खरेलले निकै राम्रो काम भएकाले राहत मिलेको बताए।

खल्ला झगडिया गाउँमा अस्थायी तटबन्ध निर्माण पूरा भएकाले अब फत्तेपुर जरैयास्थित राप्ती नदीमा आपत्कालीन तटबन्ध निर्माण सुरु गरिने जनताको तटबन्ध कार्यक्रमले जनाएको छ। खल्लाझगडियाको क्षेत्रमा ४०० मिटर लामो पक्की तटबन्ध मङ्सिर २०८३ सम्म सम्पन्न गर्ने गरी साई माँ दुर्गा भिन्सी जेभीले रु छ करोड पाँच लाखमा ठेक्का लिएर काम सुरु गरेको छ।

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com